फक्ताङलुङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

तापेथोक, ताप्लेजुङ ।

## आर्थिक वर्ष २०८३।८४ को वार्षिक नीति तथा कार्यक्रम

फक्ताङलुङ गाउँपालिका

फक्ताङलुङ गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

तापेथोक, ताप्लेजुङ

मितिः २०८३।०३।१०

श्री उपाध्यक्षज्यू, गाउँसभा सदस्यज्यूहरू, प्रमुख प्रशासकीय अधिकृत ज्यू र उपस्थित सम्पूर्ण महानुभावहरू।

फक्ताङ्लुङ गाउँपालिकाको २०औं गाउँसभाको यस ऐतिहासिक अधिवेशनमा यहाँहरू सबैलाई हार्दिक स्वागत तथा न्यानो अबिबादन ब्यक्त गर्दछु । सम्पुर्णमा टासिदलेक फ्यफुल्ला सेवारो नमस्ते ।

जनताको सार्वभौम अधिकारबाट स्थापित स्थानीय सरकारको प्रमुखका रूपमा नेपालको संविधान, २०७२ को धारा २३० तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूति गरेको छु।

श्री गाउँसभा सदस्यज्यूहरू,

आज यस ऐतिहासिक २०औं गाउँसभा अधिवेशनमा उभिएर बोल्दै गर्दा इतिहासका ती कठोर अध्यायहरू स्मरण गरिरहेको छु। यो केवल नीति तथा कार्यक्रम प्रस्तुत गर्ने औपचारिक क्षण मात्र होइन, जनताको संघर्ष, बलिदान र परिवर्तनको यात्राप्रति सम्मान प्रकट गर्ने ऐतिहासिक अवसर पनि हो।

एक समय यस्तो थियो, जब एकात्मक र निरंकुश राज्यसत्ताले बहुसंख्यक नेपाली जनतालाई अधिकारविहीन, अवसरविहीन र आवाजविहीन बनाएर राखेको थियो। राज्यका स्रोत, साधन र अवसर सीमित दरबारिया अभिजात वर्गको नियन्त्रणमा केन्द्रित थिए भने श्रमजीवी किसान, मजदुर, महिला, दलित, आदिवासी जनजाति, मधेसी, पिछडिएका समुदाय र उत्पीडित वर्गले शोषण, दमन, विभेद र बहिष्करणको पीडा भोग्न बाध्य थिए। त्यो व्यवस्था मानव स्वतन्त्रता, समानता, सामाजिक न्याय र लोकतान्त्रिक मूल्यहरूमाथिको गम्भीर प्रहार थियो। त्यस युगले नेपाली समाजको सभ्यता, विकास र सम्भावनामाथि पुऱ्याएको क्षतिको मूल्याङ्कन कुनै शब्दले पूर्ण रूपमा व्यक्त गर्न सक्दैन।

तर इतिहास सधैं उत्पीडकको पक्षमा लेखिँदैन। जब अन्यायले सीमा नाघ्छ, तब जनताको प्रतिरोध अपरिहार्य बन्छ। नेपाली जनताले आफ्नो मुक्ति, स्वाभिमान र अधिकारका लागि संघर्षको बाटो रोजे। जनतालाई अधिकारको चेतना दिलाउने, अन्यायविरुद्ध विद्रोह गर्न सिकाउने र समानतामूलक समाज निर्माणको सपना बोकेर सञ्चालन भएको महान् दसवर्षे जनयुद्ध नेपाली इतिहासको निर्णायक राजनीतिक मोड थियो। त्यस संघर्षले नेपाली जनतालाई निरंकुश राजतन्त्रको अन्त्य गर्दै जनसार्वभौमसत्तामा आधारित संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्ने ऐतिहासिक उपलब्धि दिलायो।

यस महान् परिवर्तनका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात महान् सहिदहरूप्रति म श्रद्धापूर्वक शिर निहुराउँदै हार्दिक सम्मान व्यक्त गर्दछु। साथै बेपत्ता योद्धा, घाइते तथा अपाङ्ग योद्धा, राजनीतिक बन्दी, अग्रपंक्तिमा रहेर संघर्ष गर्ने सम्पूर्ण परिवर्तनकामी जनसमुदायप्रति उच्च सम्मान प्रकट गर्दछु।

उहाँहरूको बलिदान केवल इतिहासको एउटा घटना होइन, न्यायपूर्ण, समतामूलक, समाजवादउन्मुख र समृद्ध नेपाल निर्माण गर्ने हाम्रो निरन्तर जिम्मेवारी हो। आज हामीले निर्माण गरिरहेको स्थानीय

सरकार पनि त्यही जनआन्दोलन, जनयुद्ध र जनताको बलिदानबाट प्राप्त संविधानले सुनिश्चित गरेको जनअधिकारको संस्थागत अभिव्यक्ति हो। त्यसैले हाम्रो प्रत्येक नीति, प्रत्येक योजना र प्रत्येक बजेटको केन्द्रमा श्रमजीवी जनता, सामाजिक न्याय, समान अवसर र समृद्धिको साझा सपना रहनुपर्छ।

महान् सहिदहरूको रगतले कोरेको परिवर्तनको यात्रालाई अझ उचाइमा पुऱ्याउने दृढ संकल्पका साथ सम्पूर्ण सहिदहरूप्रति सम्मानस्वरूप क्रान्तिकारी अभिवादन अर्पण गर्दै सलाम टक्राउदछु !

यस ऐतिहासिक अवसरमा देशमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना, सामाजिक न्याय, समानता, समावेशिता र जनअधिकारको प्राप्तिका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। साथै बेपत्ता योद्धा, घाइते, अपाङ्ग तथा परिवर्तनका सम्पूर्ण अग्रदूतहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु।

हाम्रो संविधानले परिकल्पना गरेको संघीय लोकतान्त्रिक शासन व्यवस्था केवल शासन प्रणालीको परिवर्तन मात्र होइन, राज्यसत्ताको केन्द्रमा जनतालाई स्थापित गर्ने ऐतिहासिक उपलब्धि हो। यस व्यवस्थाको सार जनताको अधिकार, सामाजिक न्याय, समतामूलक विकास र राज्यका स्रोत—साधनमाथि सबै नागरिकको समान पहुँच सुनिश्चित गर्नु हो।

हामी स्थानीय सरकारका जननिर्वाचित प्रतिनिधिहरू जनताका मालिक होइनौं, जनताका सेवक हौं। त्यसैले हाम्रो प्रत्येक नीति, प्रत्येक योजना र प्रत्येक बजेट जनताको श्रम, पसिना, आशा र विश्वासप्रतिको उत्तरदायित्व हो। सीमित स्रोत—साधनका बीच पनि अधिकतम जनहित हासिल गर्ने संकल्पका साथ यो नीति तथा कार्यक्रम तयार गरिएको छ।

चार आर्थिक वर्षको अनुभवले हामीलाई सिकाएको छ कि दुर्गम भूगोल विकासको बाधा होइन, दृढ राजनीतिक इच्छाशक्ति, इमानदार नेतृत्व र जनसहभागिता भए विकास सम्भव हुन्छ। आज हामी विगतको समीक्षा गर्दै आगामी यात्राको स्पष्ट मार्गचित्रसहित समृद्ध, आत्मनिर्भर, समावेशी र न्यायपूर्ण फक्ताङ्लुङ निर्माणको नयाँ संकल्पका साथ अगाडि बढिरहेका छौं।

यस अवसरमा गाउँसभा सदस्यहरू, सम्पूर्ण राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, शिक्षक, सुरक्षाकर्मी, पत्रकार, नागरिक समाज, विकास साझेदार, गैरसरकारी संस्था तथा सम्पूर्ण फक्ताङ्लुङवासीप्रति हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा अझ सशक्त सहकार्यको अपेक्षा गर्दछु।

फक्ताङ्लुङ गाउँपालिका

## <u>हाम्रो विकासको वैचारिक आधार</u>

### उपाध्यक्षज्यू, गाउँसभा सदस्यज्यूहरू,

संविधानले निर्दिष्ट गरेको सहकार्य, सहअस्तित्व र समन्वयको मर्मलाई आत्मसात् गर्दै हामी विकासलाई केवल भौतिक संरचना निर्माणको रूपमा होइन, सामाजिक रूपान्तरणको अभियानका रूपमा अघि बढाउनेछौं।

फक्ताङ्लुङ गाउँपालिका नेपालको तेस्रो ठूलो भौगोलिक क्षेत्रफल भएको, ताप्लेजुङ जिल्लाकै सबैभन्दा ठूलो, कञ्चनजङ्घा र कुम्भकर्ण हिमशृंखलाको काखमा अवस्थित प्राकृतिक सम्पदाले सम्पन्न तर ऐतिहासिक रूपमा राज्यको पहुँचबाट पछाडि पारिएको गाउँपालिका हो।

हाम्रो भूमि जल, जंगल, जडीबुटी, जैविक विविधता, कृषि, जलविद्युत् र पर्यटनको अथाह सम्भावना बोकेको छ। तर विगतको असन्तुलित विकास, स्रोतको असमान वितरण र दुर्गम भूगोलका कारण यहाँका नागरिकले विकासको समान अवसर प्राप्त गर्न सकेका छैनन्।

त्यसैले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको मूल उद्देश्य स्रोत र अवसरको न्यायपूर्ण वितरण, सामाजिक समानता, उत्पादनमुखी अर्थतन्त्र, रोजगारी सिर्जना तथा आत्मनिर्भर स्थानीय अर्थतन्त्र निर्माण रहेको छ।

हामी "फक्ताङ्लुङको पहिचान : अलैंची, जडीबुटी, जलविद्युत् र पर्यटन" भन्ने मूल नारालाई व्यवहारमा उतार्दै जनताको जीवनस्तरमा प्रत्यक्ष परिवर्तन ल्याउने विकास अभियानलाई अझ तीव्र बनाउनेछौं।

<u>हाम्रा प्रमुख चुनौतीहरू</u>

**उपाध्यक्षज्यू,गाउँसभा सदस्यज्यूहरू,**

जनताको आकांक्षा विशाल छ, तर स्रोत सीमित छन्। चुनौतीहरू अनेक छन्, तर हाम्रो संकल्प अझ ठूलो छ। आगामी यात्रामा हामीले विशेष रूपमा निम्न चुनौतीहरूको सामना गर्नुपर्नेछ—

विशाल तथा विकट भूगोलका कारण सबै बस्तीमा समान रूपमा सेवा पुऱ्याउनु। युवालाई रोजगारी, उद्यमशीलता र उत्पादनसँग जोड्नु। कृषि क्षेत्रलाई आधुनिक, व्यावसायिक र आकर्षक बनाउनु। शिक्षा र सीपलाई रोजगारीसँग जोड्ने प्रणाली विकास गर्नु। गुणस्तरीय स्वास्थ्य सेवा प्रत्येक नागरिकको पहुँचमा पुऱ्याउनु। सूचना प्रविधि, सञ्चार तथा डिजिटल पहुँच विस्तार गर्नु। जलवायु परिवर्तनका असर न्यूनीकरण गर्दै वातावरण संरक्षण गर्नु। प्राकृतिक स्रोतको वैज्ञानिक, न्यायपूर्ण र दिगो उपयोग सुनिश्चित गर्नु। अव्यवस्थित बसोबासलाई व्यवस्थित गर्दै सुरक्षित बस्ती विकास गर्नु। आन्तरिक आय वृद्धि गरी आत्मनिर्भर स्थानीय अर्थतन्त्र निर्माण गर्नु। संघ तथा प्रदेशमाथिको अत्यधिक वित्तीय निर्भरता क्रमशः घटाउनु। सीमित बजेटलाई अधिकतम जनहितमा उपयोग गर्दै सुशासन, पारदर्शिता र उत्तरदायित्वलाई संस्थागत गर्नु। यी चुनौतीहरू बाधा होइनन्; जनताको सहभागिता, वैज्ञानिक योजना र दृढ राजनीतिक इच्छाशक्तिबाट पार गर्न सकिने साझा जिम्मेवारी हुन्।

## <u>नीति तथा कार्यक्रमका मार्गदर्शक आधारहरू</u>

**उपाध्यक्षज्यू,गाउँसभा सदस्यज्यूहरू,**

आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम निम्न वैधानिक, नीतिगत तथा विकासका आधारहरूमा निर्माण गरिएको छ—

१. नेपालको संविधानले निर्दिष्ट गरेका राज्यका निर्देशक सिद्धान्त, नीति तथा मौलिक अधिकार।

२. संविधानको अनुसूची ८ र ९ बमोजिम स्थानीय तहका अधिकारहरू।
३. नेपालको पन्ध्रौं पञ्चवर्षीय योजनाका लक्ष्य, रणनीति र प्राथमिकताहरू।
४. नेपाल सरकार तथा प्रदेश सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम।
५. दिगो विकास लक्ष्य (SDGs) का राष्ट्रिय प्रतिबद्धताहरू।
६. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा सम्बन्धित कानुनी व्यवस्थाहरू।
७. फक्ताङ्लुङ गाउँपालिकाको प्रथम आवधिक विकास योजना।
८. स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शन, २०७८।
९. नेपाल सरकार तथा प्रदेश सरकारका विषयगत नीति, ऐन र कार्ययोजनाहरू।
१०. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय लगायत सम्बन्धित निकायबाट प्राप्त मार्गदर्शनहरू।
११. संघ, प्रदेश तथा स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७।
१२. गाउँपालिकाको संस्थागत स्वमूल्याङ्कन तथा कार्यसम्पादनका सूचकहरू।
१३. बस्ती, वडा तथा विषयगत समितिबाट सहभागितामूलक प्रक्रियामार्फत प्राप्त योजना तथा प्राथमिकताहरू।
१४. स्थानीय राजनीतिक दल, निजी क्षेत्र, सहकारी, नागरिक समाज, विकास साझेदार तथा विज्ञहरूबाट प्राप्त सुझावहरू।
१५. वडा कार्यालयहरूबाट प्राप्त तथ्याङ्क, वस्तुगत अवस्था र स्थानीय आवश्यकताहरू।
१६. यिनै आधारहरूलाई मार्गनिर्देशक सिद्धान्तका रूपमा ग्रहण गर्दै जनमुखी, उत्पादनमुखी, उत्तरदायी, समावेशी, वातावरणमैत्री र परिणाममुखी विकास हाम्रो आगामी आर्थिक वर्षको मूल कार्यदिशा रहनेछ।
१७. "जनताको श्रमको सम्मान, स्रोतको न्यायपूर्ण वितरण, उत्पादनमा आधारित समृद्धि, सामाजिक न्यायसहितको विकास र आत्मनिर्भर फक्ताङ्लुङ निर्माण" नै हाम्रो आगामी नीति तथा कार्यक्रमको मूल संकल्प हो।

## कृषि तथा पशुपन्छी विकास नीति

### स्वस्थ नागरिक, उर्वर भूमि र आत्मनिर्भर अर्थतन्त्रको आधार—अर्गानिक कृषि र कृषि क्रान्तिः-

फक्ताङ्लुङ गाउँपालिकाको समृद्धिको आधार कृषि पनि हो। त्यसैले कृषि क्षेत्रलाई केवल उत्पादनको माध्यमका रूपमा होइन, मानव स्वास्थ्य, वातावरणीय सन्तुलन, खाद्य सार्वभौमिकता र भावी पुस्ताको जीवनसँग प्रत्यक्ष जोडिएको रणनीतिक क्षेत्रका रूपमा विकास गरिनेछ।

आज विश्व तीव्र प्रतिस्पर्धा, अधिक उत्पादन र छिटो नाफा कमाउने प्रवृत्तितर्फ उन्मुख छ। यही प्रवृत्तिले कृषि क्षेत्रमा अत्यधिक रासायनिक मल, विषादी तथा विभिन्न कृत्रिम रसायनको प्रयोगलाई बढावा दिएको छ। यसले तत्काल उत्पादन बढाए पनि दीर्घकालमा माटोको उर्वराशक्ति नष्ट गर्ने, जैविक विविधता समाप्त पार्ने, वातावरण प्रदूषित गर्ने तथा मानव स्वास्थ्यमा क्यान्सरलगायत अनेकौं दीर्घरोग निम्त्याउने गम्भीर चुनौती सिर्जना गरेको छ। नाफाको अन्धो दौडले अन्ततः माटो, प्रकृति र मानव जीवनमाथि नै संकट उत्पन्न गर्ने अवस्था देखिएको छ।

यस यथार्थलाई समयमै आत्मसात् गर्दै फक्ताङ्लुङ गाउँपालिकाले परम्परागत ज्ञान, स्थानीय अनुभव र आधुनिक कृषि विज्ञानको समन्वयमार्फत अर्गानिक कृषि प्रणालीलाई संस्थागत गर्दै कृषिमा नयाँ युगको सुरुवात गर्ने नीति अवलम्बन गरेको छ। हाम्रो लक्ष्य केवल आजको उत्पादन बढाउनु होइन; भावी पुस्ताका लागि उर्वर भूमि, स्वच्छ वातावरण, सुरक्षित खाद्य प्रणाली र स्वस्थ समाज निर्माण गर्नु हो।

यस महान् उद्देश्यलाई साकार बनाउन गाउँपालिकाले **<u>"एकिकृत कृषि तथा पशुपन्छी अनुसन्धान केन्द्र"</u>** स्थापना गरेको छ। यो केन्द्र तत्काल उत्पादन गरी नाफा कमाउने व्यावसायिक परियोजना होइन, बरु दीर्घकालीन कृषि रूपान्तरणको आधारशिला हो। यस केन्द्रलाई अनुसन्धान, परीक्षण, प्रविधि विकास, स्थानीय बीउ संरक्षण, अर्गानिक प्रविधिको प्रयोग, कृषक क्षमता अभिवृद्धि तथा नवीन कृषि अभ्यासको सिकाइ केन्द्रका रूपमा विकास गरिनेछ।

यस केन्द्रमार्फत कृषक, युवा, विद्यार्थी तथा उद्यमीहरूलाई आधुनिक अर्गानिक खेती, माटो संरक्षण, जैविक मल उत्पादन, बीउ विकास, जलवायु अनुकूल कृषि, कृषि यान्त्रीकरण तथा मूल्य शृङ्खला विकाससम्बन्धी नियमित तालिम प्रदान गरिनेछ। कृषि उत्पादनलाई गुणस्तरीय, सुरक्षित, प्रतिस्पर्धी र बजारमुखी बनाउँदै "फक्ताङ्लुङ अर्गानिक" लाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा विश्वासयोग्य ब्रान्डका रूपमा स्थापित गर्ने दीर्घकालीन रणनीति अवलम्बन गरिनेछ।

हामी विश्वास गर्दछौं'समृद्ध राष्ट्रको आधार केवल ठूलो उत्पादन होइन, स्वस्थ नागरिक, सुरक्षित खाद्य प्रणाली, संरक्षण गरिएको प्रकृति र आत्मनिर्भर कृषि अर्थतन्त्र हो। त्यसैले फक्ताङ्लुङ गाउँपालिकाले अर्गानिक कृषि क्रान्तिलाई समृद्धि, सामाजिक न्याय र दिगो विकासको मूल आधारका रूपमा अघि बढाउँदै कृषिलाई सम्मानित, वैज्ञानिक, नवप्रवर्तनशील र भविष्यमुखी पेशाका रूपमा स्थापित गर्ने प्रतिबद्धता व्यक्त गर्दछ।

## <u>व्यावसायिक, अर्गानिक र प्रविधिमैत्री कृषि तथा पशुपन्छी विकास"</u>

फक्ताङ्लुङ गाउँपालिकाको आर्थिक समृद्धिको प्रमुख आधार कृषि तथा पशुपन्छी क्षेत्रलाई मान्दै उत्पादन वृद्धि, उत्पादकत्व अभिवृद्धि, व्यवसायीकरण, आधुनिकीकरण, मूल्य शृङ्खला विकास, खाद्य तथा पोषण सुरक्षा, रोजगारी सिर्जना, आयआर्जन वृद्धि र कृषि उद्यमशीलतालाई केन्द्रमा राखी देहायका नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछन्—

१. वडा नं. ५ छिरुवा स्थित फक्ताङलुङको **<u>"एकिकृत कृषि तथा पशुपन्छी अनुसन्धान केन्द्र"</u>** लाइ नमूना कृषि अनुसन्धान, प्रविधि हस्तान्तरण, कृषि तालिम तथा कृषि उद्यम विकास केन्द्रका रूपमा स्तरोन्नति गरी कृषक, युवा, विद्यार्थी तथा उद्यमीका लागि प्रयोगात्मक सिकाइ केन्द्रका रूपमा विकास गरिनेछ।ए
२. गाउँपालिकाभित्रको कृषि योग्य जमिनको वैज्ञानिक पहिचान गरी प्रत्येक वडामा कम्तीमा <u>"एक पकेट—एक उत्पादन"</u> कार्यक्रम सञ्चालन गरिनेछ। पकेट क्षेत्र विकास, उत्पादन, प्रशोधन, बजारीकरण तथा मूल्य शृङ्खला विकासका लागि आवश्यक बजेट व्यवस्था गरिनेछ।

३. फक्ताङ्लुङ गाउँपालिकालाई क्रमशः विषादीरहित अर्गानिक गाउँपालिका का रूपमा विकास गर्न **अर्गानिक प्रमाणीकरण (Organic Certification)** प्रक्रिया सम्बन्धित निकायसँग समन्वय गरी अगाडि बढाइनेछ।
४. रासायनिक मल तथा विषादीको प्रयोग न्यूनीकरण गर्दै जैविक मल, जैविक झोलमल तथा वनस्पतिजन्य विषादीको उत्पादन र प्रयोगलाई प्रोत्साहन गरिनेछ। कृषि तथा पशुपन्छी अनुसन्धान केन्द्रबाट उत्पादन हुने जैविक मलको व्यावसायिक उत्पादन गरी सहुलियत दरमा किसानलाई उपलब्ध गराइनेछ।
५. अनुसन्धान केन्द्रमा सञ्चालित आधुनिक नर्सरीमार्फत उच्च मूल्यका फलफूल, अलैंची, ओखर, नासपाती, स्याउ लगायतका उन्नत बिरुवाको उत्पादन तथा लागत साझेदारीमा वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।
६. गाउँपालिकाको प्रमुख नगदेबाली अलैंची को उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न गुणस्तरीय बिरुवा, रोग व्यवस्थापन, आधुनिक सुकाउने भट्टी, प्रशोधन, ब्रान्डिङ तथा बजारीकरण कार्यक्रम सञ्चालन गरिनेछ।
७. मौरीपालन व्यवसायलाई व्यावसायिक बनाउँदै वडा नं. ६ लाई विकसित गरिएको मह (Honey) पकेट क्षेत्र लाई थप विस्तार गरी गुणस्तरीय मह उत्पादन, प्रशोधन, ब्रान्डिङ तथा बजारीकरणमा जोड दिइनेछ।
८. चौंरी, याक, च्याङग्रा, भेडा तथा उच्च हिमाली पशुपालनलाई आयआर्जनको प्रमुख आधारका रूपमा विकास गर्दै दुग्धजन्य उत्पादन, छुर्पी, घिउ तथा अन्य स्थानीय उत्पादनको मूल्य अभिवृद्धि गरिनेछ।
९. पशु स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन नियमित खोप, कृत्रिम गर्भाधान, पशु उपचार, औषधि वितरण तथा घुम्ती पशु स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।
१०. किसानहरूको उत्पादन लागत न्यूनीकरण गर्न आधुनिक कृषि औजार, साना कृषि यन्त्र तथा सिँचाइ प्रविधिमा लागत साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ।
११. कृषि तथा पशुपालनमा संलग्न किसान, सहकारी तथा कृषि समूहलाई उत्पादनमा आधारित अनुदान, क्षमता विकास, कृषक पाठशाला, कृषि मेला, बाली उपचार शिविर तथा सीपमूलक तालिम सञ्चालन गरिनेछ।
१२. "एक घर—एक करेसाबारी" अभियान सञ्चालन गरी पोषणमैत्री तथा अर्गानिक तरकारी उत्पादनलाई प्रवर्द्धन गरिनेछ।
१३. प्रत्येक वडामा जैविक मल तथा जैविक विषादी उत्पादन केन्द्र स्थापना गर्दै स्थानीय स्रोतमा आधारित दिगो कृषि प्रणाली विकास गरिनेछ।
१४. कृषकलाई सम्मानित र प्रोत्साहित गर्न वार्षिक "उत्कृष्ट कृषक सम्मान कार्यक्रम" सञ्चालन गरिनेछ।
१५. माटो परीक्षण, कृषि तथ्याङ्क व्यवस्थापन तथा दीर्घकालीन कृषि विकास रणनीति तयार गरी वैज्ञानिक योजना प्रणाली लागू गरिनेछ।
१६. कृषि क्षेत्रमा निजी क्षेत्र, सहकारी संस्था, विकास साझेदार तथा संघ—प्रदेश सरकारसँग सहकार्य विस्तार गर्दै कृषि क्षेत्रमा लगानी आकर्षित गरिनेछ।



फक्ताङ्लुङ गाउँपालिका

१७. कृषि तथा पशुपन्छी क्षेत्रमा उत्पादनदेखि प्रशोधन र बजारीकरणसम्म मूल्य शृङ्खलामा आधारित आर्थिक रूपान्तरण लाई प्राथमिकता दिइनेछ।

## कृषि बजारीकरण तथा मूल्य शृङ्खला विकास नीति

कृषकको समृद्धि केवल उत्पादन बढाएर सम्भव हुँदैन; उत्पादनसँगै सुनिश्चित बजार, उचित मूल्य र व्यवस्थित वितरण प्रणाली अपरिहार्य हुन्छ। यही मान्यतालाई आत्मसात् गर्दै फक्ताङ्लुङ गाउँपालिकाले कृषि उत्पादनदेखि उपभोक्तासम्मको सम्पूर्ण मूल्य शृङ्खलालाई सुदृढ र व्यवस्थित बनाउने नीति अवलम्बन गर्नेछ।

१. स्थानीय कृषकले उत्पादन गरेका अर्गानिक तथा गुणस्तरीय कृषि उपजको सहज सङ्कलन, भण्डारण, ढुवानी र बजारीकरण सुनिश्चित गर्न गाउँपालिकाभित्र कृषि सङ्कलन केन्द्र स्थापना तथा सुदृढीकरण गरिनेछ। सङ्कलन केन्द्रहरूमा सङ्कलित कृषि उपजलाई समयमै बजारसम्म पुऱ्याई कृषकको लागत घटाउने, उत्पादनको क्षति न्यूनीकरण गर्ने तथा उचित मूल्य सुनिश्चित गर्ने उद्देश्यले **"फक्ताङ्लुङ कृषि एम्बुलेन्स सेवा"** सञ्चालनमा ल्याइएको छ। यस सेवामार्फत दुर्गम बस्तीका कृषकका उत्पादनलाई पनि प्रतिस्पर्धी बजारसँग जोड्दै कृषि व्यवसायलाई थप प्रभावकारी, व्यवस्थित र सम्मानजनक बनाइनेछ।
२. स्थानीय उत्पादनको प्रवर्द्धन, ब्रान्डिङ र बजार विस्तारका लागि पालिका कोसेली घर सञ्चालन तथा थप सुदृढीकरण गरिनेछ। यसमार्फत फक्ताङ्लुङमा उत्पादित अर्गानिक कृषि उपज, स्थानीय खाद्य परिकार, जडीबुटी तथा मौलिक उत्पादनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारसँग जोड्ने पहल गरिनेछ।
३. त्यसैगरी, कृषक र उपभोक्ताबीच प्रत्यक्ष सम्बन्ध स्थापित गर्दै बिचौलियाको अनावश्यक प्रभाव न्यूनीकरण गर्न नियमित साप्ताहिक हाटबजार सञ्चालन गरिनेछ। यसबाट स्थानीय उत्पादनको खपत वृद्धि, कृषकको आय अभिवृद्धि, स्थानीय अर्थतन्त्रको सुदृढीकरण तथा आत्मनिर्भर उत्पादन प्रणालीको विकासमा महत्वपूर्ण योगदान पुग्ने विश्वास गाउँपालिकाले लिएको छ।
४. हाम्रो लक्ष्य केवल कृषि उत्पादन बढाउनु होइन; उत्पादन, प्रशोधन, बजारीकरण र उचित प्रतिफलसहितको सम्पूर्ण कृषि मूल्य शृङ्खलामा कृषकको स्वामित्व र सम्मान स्थापित गर्दै फक्ताङ्लुङलाई अर्गानिक कृषि अर्थतन्त्रको नमुना गाउँपालिकाका रूपमा विकास गर्नु हो।

## पर्यटन, संस्कृति तथा धार्मिक सम्पदा विकास

प्राकृतिक, धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षण, प्रवर्द्धन र दिगो पर्यटन विकासः- फक्ताङ्लुङ गाउँपालिकालाई प्राकृतिक, धार्मिक, सांस्कृतिक तथा साहसिक पर्यटनको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आकर्षक गन्तव्यका रूपमा विकास गर्दै स्थानीय रोजगारी, आयआर्जन तथा समृद्धिलाई टेवा पुऱ्याउने उद्देश्यका साथ देहायका नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछन्—

१. विश्वको तेस्रो अग्लो हिमाल कञ्चनजङ्घा, कञ्चनजङ्घा उत्तर (North Base Camp) तथा दक्षिण आधार शिविर (South Base Camp), ओलाङ्चुङगोला, टिप्ताला, सिङ्जेमा ताल, स्याम्दो पोखरी, याङमा, छेर्चेन ताल, घुन्सा, खाम्बाचेन, लोनाक, पाङफेमा, सेलेले, पाथीभरा—मुक्कुमलुङ लगायतका

प्रमुख प्राकृतिक, धार्मिक तथा सांस्कृतिक पर्यटकीय गन्तव्यहरूको संरक्षण, व्यवस्थापन तथा आवश्यक पर्यटन पूर्वाधार विकासलाई उच्च प्राथमिकता दिइनेछ।

२. ग्रेट हिमालयन ट्रेल (GHT) अन्तर्गत रानीपुल—हेल्लोक—लप्सेटार—येसाङ—केङस्रा—तोरङदेन—चैराम—सेलेले—घुन्सा—नाङ्गोला पास—लाङयोक—ओलाङ्चुङगोला—लुम्बासुम्बा पास पदमार्गको स्तरोन्नति तथा आवश्यक पूर्वाधार विकासका लागि क्रमागत बजेट व्यवस्था गर्दै निर्माणाधीन पदमार्गहरूको कार्यान्वयनलाई उच्च प्राथमिकता दिइनेछ।

३. नेपाल पर्यटन बोर्ड, संघ तथा प्रदेश सरकार, संरक्षण क्षेत्र व्यवस्थापन निकाय, विकास साझेदार संस्था तथा निजी क्षेत्रसँग सहकार्य गरी पदमार्ग, झोलुङ्गे पुल, विश्रामस्थल, पर्यटन सूचना केन्द्र, सार्वजनिक शौचालय, खानेपानी, संकेत प्रणाली तथा अन्य आवश्यक पर्यटकीय पूर्वाधारको विकास र विस्तार गरिनेछ।

४. गाउँपालिकाको केन्द्र तापेथोकमा पर्यटन सूचना केन्द्र (Tourist Information Center) स्थापना गरी पर्यटक अभिलेखीकरण, सूचना सेवा, पर्यटन प्रवर्द्धन, खोज तथा उद्धार समन्वय र पर्यटक सहजीकरण सेवा सञ्चालन गरिनेछ।

५. उच्च हिमाली क्षेत्रमा हुने High Altitude Sickness (उच्च हिमाली रोग) को जोखिम न्यूनीकरणका लागि प्रमुख पदमार्गहरूमा अक्सिजन सिलिन्डरसहित प्राथमिक उपचार तथा मेडिकल सहायता केन्द्र स्थापना गरी सेवा सञ्चालनमा ल्याइसकिएको व्यवस्था थप सुदृढ तथा प्रभावकारी बनाइनेछ।

६. स्थानीय युवाहरूलाई ट्रेकिङ गाइड तालिम प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिँदै पर्वतीय उद्धार, विपद् व्यवस्थापन, विदेशी भाषा, आतिथ्य व्यवस्थापन तथा पर्यटन सेवासम्बन्धी सीप विकास तालिम सञ्चालन गरी दक्ष जनशक्ति उत्पादन, रोजगारी सिर्जना तथा स्वरोजगार प्रवर्द्धन गरिनेछ।

७. होमस्टे, कृषि पर्यटन (Agro-tourism), सामुदायिक पर्यटन तथा ग्रामीण पदयात्रा कार्यक्रम विस्तार गरी स्थानीय उत्पादनको बजारीकरण, समुदायको आयआर्जन वृद्धि तथा पर्यटकको बसाइ अवधि लम्ब्याउने नीति अवलम्बन गरिनेछ।

८. होटल, लज तथा होमस्टे सञ्चालकहरूको सेवा गुणस्तर अभिवृद्धिका लागि कुक, हाउसकिपिङ, आतिथ्य व्यवस्थापन तथा पर्यटक सेवा सम्बन्धी क्षमता अभिवृद्धि तालिमलाई निरन्तरता दिइनेछ।

९. स्थानीय सांस्कृतिक सम्पदाको संरक्षण तथा प्रवर्द्धनका लागि सांस्कृतिक महोत्सव, कला, भाषा, भेषभूषा, मौलिक संस्कृति, परम्परा तथा सांस्कृतिक सम्पदाको संरक्षण, संवर्द्धन र प्रचार—प्रसारका कार्यक्रम सञ्चालन गरिनेछ।

१०. पाथीभरा—मुक्कुमलुङ, माङ्हिम, गुम्बा, चर्च तथा अन्य धार्मिक, सांस्कृतिक र ऐतिहासिक सम्पदाको संरक्षण, सौन्दर्यीकरण, व्यवस्थापन तथा धार्मिक पर्यटन प्रवर्द्धनलाई विशेष प्राथमिकता दिइनेछ।

११. गाउँपालिकाको पर्यटन गुरुयोजना (Tourism Master Plan) कार्यान्वयन गर्दै पर्यटनको डिजिटल प्रवर्द्धन, ब्रान्डिङ, ब्रोसर, नक्सा, डकुमेन्ट्री तथा अन्य प्रचार—प्रसार सामग्री उत्पादन गरी फक्ताङ्लुङलाई अन्तर्राष्ट्रिय पर्यटन बजारमा स्थापित गरिनेछ।

१२. पर्यटन क्षेत्रलाई स्थानीय कृषि, हस्तकला, सांस्कृतिक कार्यक्रम, स्थानीय उत्पादन तथा उद्यमशीलतासँग आबद्ध गर्दै समावेशी, दिगो तथा रोजगारीमुखी स्थानीय आर्थिक विकासको आधारका रूपमा विकास गरिनेछ।
१३. पर्यटन क्षेत्रको समग्र विकासका लागि निजी क्षेत्र, स्थानीय समुदाय, संरक्षण क्षेत्र व्यवस्थापन निकाय, विकास साझेदार संस्था तथा सम्बन्धित सरोकारवालासँग सहकार्य, साझेदारी तथा लगानी अभिवृद्धि गरिनेछ।
१४. विश्वको तेस्रो अग्लो हिमाल कञ्चनजङ्घा, कुम्भकर्ण हिमशृङ्खला तथा किराँत धर्मावलम्बीहरूको आस्थाको केन्द्र मुक्कुमलुङ—पाथीभरा लगायतका हिमाली तथा धार्मिक पर्यटकीय गन्तव्यहरूको सहज पहुँच सुनिश्चित गर्न दृश्यावलोकन स्थल (View Point), पदमार्ग, विश्रामस्थल तथा अन्य आवश्यक पर्यटन पूर्वाधारको विकासलाई विशेष प्राथमिकता दिइनेछ।
१५. फक्ताङ्लुङ गाउँपालिका भित्र रहेका प्राकृतिक, धार्मिक, सांस्कृतिक तथा हिमाली पर्यटकीय गन्तव्यहरूको पहिचान, संरक्षण, प्रवर्द्धन, ब्रान्डिङ तथा आवश्यक पर्यटन पूर्वाधार विकासका कार्यक्रमलाई निरन्तरता दिइनेछ।
१६. माङ्छाङा जाने पदमार्ग निर्माण कार्य सम्पन्न गरी पर्यटकको सुरक्षित, सहज र व्यवस्थित आवागमन सुनिश्चित गरिनेछ। उक्त पदमार्गमार्फत आन्तरिक तथा बाह्य पर्यटकको आगमन वृद्धि गर्दै स्थानीय पर्यटन, रोजगारी तथा आर्थिक गतिविधिलाई प्रवर्द्धन गरिनेछ।

## उधोग, उधम तथा सहकारी विकास

**"स्थानीय स्रोत, सीप, श्रम र उद्यमशीलताको परिचालनमार्फत रोजगारी सिर्जना, आयआर्जन वृद्धि तथा आत्मनिर्भर स्थानीय अर्थतन्त्र निर्माण"**

गाउँपालिकाभित्र उपलब्ध प्राकृतिक स्रोत, कृषि उपज, पर्यटन तथा स्थानीय ज्ञान—सीपको अधिकतम उपयोग गर्दै उद्योग, उद्यम र सहकारी क्षेत्रको विकासमार्फत उत्पादन, रोजगारी तथा आर्थिक समृद्धि हासिल गर्ने उद्देश्यले देहायका नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछन्—

१. स्थानीय कच्चा पदार्थमा आधारित घरेलु, साना तथा मझौला उद्योग स्थापना, विस्तार र आधुनिकीकरणलाई प्रोत्साहन गरिनेछ।
२. युवा, महिला, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति तथा विपन्न समुदायलाई लक्षित गरी सीपमूलक तालिम, उद्यमशीलता विकास तथा स्वरोजगार कार्यक्रम सञ्चालन गरिनेछ।
३. ढाका तथा खाँडी कपडा, अल्लोजन्य उत्पादन, अलैंचीका डाँठमा आधारित हस्तकला, बाँसजन्य सामग्री, हातेकागज तथा स्थानीय कृषि उपजमा आधारित प्रशोधन उद्योग स्थापना र सञ्चालनलाई प्राथमिकता दिइनेछ।
४. गाउँपालिकाभित्र उत्पादित वस्तुको गुणस्तर अभिवृद्धि, ब्रान्डिङ, प्याकेजिङ, भण्डारण तथा बजारीकरणका लागि आवश्यक पूर्वाधार तथा प्राविधिक सहयोग उपलब्ध गराइनेछ।
५. "पालिका कोसेली घर" स्थापना तथा सञ्चालन गरी स्थानीय उत्पादनको बिक्री—वितरण, प्रदर्शनी तथा बजार प्रवर्द्धन गरिनेछ।

६. वैदेशिक रोजगारीबाट फर्किएका युवाको ज्ञान, सीप, अनुभव र पूँजीलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्न पुनःएकीकरण तथा उद्यम प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।
७. सहकारी संस्थाहरूलाई उत्पादन, प्रशोधन, बजारीकरण, बचत तथा उद्यम विकासका प्रभावकारी साझेदार संस्थाका रूपमा विकास गर्दै सुशासन, पारदर्शिता, वित्तीय अनुशासन र संस्थागत क्षमता अभिवृद्धि गरिनेछ।
८. उत्पादनमूलक सहकारीमार्फत कृषि, पशुपालन, पर्यटन तथा स्थानीय उद्योगसँग आबद्ध मूल्य शृङ्खला विकास कार्यक्रम सञ्चालन गरिनेछ।
९. स्थानीय उद्यमी तथा सहकारी संस्थाहरूलाई संघ, प्रदेश, निजी क्षेत्र र विकास साझेदार संस्थासँग समन्वय गरी प्रविधि, वित्तीय पहुँच तथा बजार व्यवस्थापनमा सहजीकरण गरिनेछ।
१०. प्रधानमन्त्री रोजगार कार्यक्रम तथा अन्य रोजगारीमूलक कार्यक्रमलाई स्थानीय उत्पादन, पूर्वाधार विकास र उद्यमशीलतासँग आबद्ध गरी दिगो रोजगारी सिर्जना गरिनेछ।
११. नवप्रवर्तन (Innovation), डिजिटल उद्यम तथा सूचना प्रविधिमा आधारित व्यवसायलाई प्रोत्साहन गर्दै युवा उद्यमी विकास कार्यक्रम सञ्चालन गरिनेछ।
१२. उद्यम तथा सहकारी क्षेत्रको नियमित अनुगमन, मूल्याङ्कन र क्षमता विकासमार्फत उत्पादनशील, प्रतिस्पर्धी र आत्मनिर्भर स्थानीय अर्थतन्त्र निर्माण गरिनेछ।

## <u>शिक्षा क्षेत्रका प्रमुख उपलब्धिहरू (आर्थिक वर्ष २०८२/०८३) तथा आगामि निति</u>

**<u>"गुणस्तरीय, समावेशी, निःशुल्क, प्रविधिमैत्री तथा जीवनोपयोगी शिक्षामार्फत सक्षम, सिर्जनशील, नैतिक र प्रतिस्पर्धी नागरिक उत्पादन गर्ने"</u>** गाउँपालिकाको दीर्घकालीन उद्देश्य अनुरूप शिक्षा क्षेत्रलाई उच्च प्राथमिकतामा राखी निम्न नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछः

१. गाउँपालिकाभित्र कुनै पनि बालबालिका आर्थिक अभावका कारण शिक्षाबाट वञ्चित हुन नपरोस् भन्ने उद्देश्यका साथ आधारभूतदेखि माध्यमिक तहसम्मको शिक्षा पूर्ण रूपमा निःशुल्क बनाउने नीति अवलम्बन गरिनेछ। विद्यालयले लिने परीक्षा शुल्क, मासिक शुल्क, ट्युसन शुल्क तथा अन्य अनिवार्य शैक्षिक शुल्क गाउँपालिकाबाट व्यवस्थापन गरिनेछ।
२. उच्च शिक्षामा समान पहुँच सुनिश्चित गर्न गाउँपालिकाका स्थायी बासिन्दा विद्यार्थीका लागि छात्रवृत्ति कार्यक्रमलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ। जिल्ला भित्रका क्याम्पसमा स्नातकोत्तर तहसम्म अध्ययन गर्ने विद्यार्थीलाई शतप्रतिशत तथा प्राविधिक तथा विशेष विषयका विद्यार्थीलाई तोकिएको मापदण्डका आधारमा ५० प्रतिशत छात्रवृत्ति उपलब्ध गराइनेछ।
३. कक्षा ६ देखि १० सम्म गणित, विज्ञान र अङ्ग्रेजी विषयमा निःशुल्क अतिरिक्त कक्षा सञ्चालन गरिनेछ। माध्यमिक तहको गुणस्तर सुधार तथा प्राविधिक शिक्षाको विस्तारका लागि सामुदायिक विद्यालयहरूमा सञ्चालन भइरहेका साधारण तथा प्राविधिक शिक्षा कार्यक्रमलाई थप सुदृढ गरिनेछ।
४. सिंवा माध्यमिक विद्यालयमा सञ्चालित हाइड्रो—इलेक्ट्रिकल इन्जिनियरिङ कार्यक्रम लगायत प्राविधिक शिक्षाको गुणस्तर अभिवृद्धि गर्दै आवश्यक पूर्वाधार, प्रयोगशाला, जनशक्ति तथा शैक्षिक सामग्रीको व्यवस्था गरिनेछ।

५. सबै सामुदायिक विद्यालयमा अङ्ग्रेजी माध्यमबाट गुणस्तरीय शिक्षण—सिकाइ सुनिश्चित गर्न शिक्षक क्षमता विकास, निःशुल्क पाठ्यपुस्तक, आवश्यकताअनुसार स्वयंसेवक शिक्षक तथा आधुनिक शिक्षण सामग्रीको व्यवस्थापन गरिनेछ।

६. कक्षा ८, ९ र १० का विद्यार्थीका लागि दिवा छात्रावास (खाना तथा खाजासहित) कार्यक्रमलाई अभिभावकहरुसँगको सहकार्यमा निरन्तरता दिई सिकाइ उपलब्धि, विद्यालयमा नियमित उपस्थिति तथा विद्यालय छोड्ने दर न्यूनीकरण गरिनेछ।

७. विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि प्रधानाध्यापक, शिक्षक तथा शिक्षा शाखासँग कार्यसम्पादन सम्झौता (Performance Agreement) गरी नतिजामुखी शैक्षिक व्यवस्थापन प्रणाली कार्यान्वयन गरिनेछ। उत्कृष्ट विद्यालय, शिक्षक तथा विद्यार्थीलाई प्रोत्साहन गरिनेछ भने अपेक्षित नतिजा हासिल गर्न नसक्ने विद्यालयका लागि सुधारात्मक कार्यक्रम सञ्चालन गरिनेछ।

८. स्थानीय पाठ्यक्रम, मातृभाषामा आधारित शिक्षा तथा पाँचवर्षीय शिक्षा योजनालाई चरणबद्ध रूपमा कार्यान्वयन गरी स्थानीय इतिहास, संस्कृति, भाषा, जैविक विविधता तथा परम्परागत ज्ञानलाई विद्यालय शिक्षासँग आबद्ध गरिनेछ।

९. **फक्ताङ्लुङ गाउँपालिकाको २०औं गाउँसभाले सरकारी कामकाजमा लिम्बु र शेर्पा भाषाको प्रयोगलाई कार्यान्वयन गर्ने प्रस्ताव सर्वसम्मत रूपमा पारित गरेको छ। यो निर्णय स्थानीय भाषा, संस्कृति तथा पहिचानको संरक्षण, प्रवर्द्धन र सार्वजनिक सेवामा नागरिकको सहज पहुँच सुनिश्चित गर्ने महत्वपूर्ण कदमको रुपमा लिईएको छ।**

१०. विद्यालय व्यवस्थापनलाई उत्तरदायी, पारदर्शी तथा प्रभावकारी बनाउन विद्यालय व्यवस्थापन समितिको क्षमता विकास, व्यवस्थापकीय सुधार तथा आवश्यक पूर्वाधारको व्यवस्था गरिनेछ।

११. अभिभावकविहीन, असहाय, अपाङ्गता भएका तथा अति विपन्न विद्यार्थीहरूको शिक्षा, आवास, पोषण तथा आधारभूत आवश्यकताको व्यवस्थापन फक्ताङ्लुङ डेभलपमेन्ट फाउण्डेशन तथा विकास साझेदार संस्थासँगको सहकार्यमा निरन्तर गरिनेछ।

१२. गाउँपालिकाका सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण प्रणाली विकास गर्दै स्मार्ट बोर्ड, कम्प्युटर, इन्टरनेट, ई—हाजिरी, CCTV, डिजिटल कक्षा तथा डिजिटल प्रशासन प्रणाली क्रमशः विस्तार गरिनेछ।

१३. HDFA, PHASE Nepal, Open Learning Exchange (OLE) Nepal, HPF, REED Nepal, सामर्थ्य नेपाल, HPF नेपाल, पुतली सहयोग तथा बुद्धिष्ट समाज नेपाल लगायत विकास साझेदार संस्थासँगको सहकार्यलाई थप विस्तार गर्दै डिजिटल शिक्षा, शिक्षक क्षमता विकास तथा विद्यार्थी केन्द्रित सिकाइ प्रणालीलाई सबै विद्यालयमा विस्तार गरिनेछ।

१४. बालविकास केन्द्रहरूको सिकाइ वातावरणलाई थप बालमैत्री, प्रविधिमैत्री तथा गुणस्तरीय बनाउन स्मार्ट टेलिभिजन, खेल सामग्री तथा आवश्यक शैक्षिक सामग्री उपलब्ध गराइनेछ।

१५. आधारभूत तथा माध्यमिक विद्यालयहरूमा कम्प्युटर प्रयोगशाला, विज्ञान प्रयोगशाला, पुस्तकालय तथा नवप्रवर्तनमूलक सिकाइ केन्द्र स्थापना तथा सुदृढीकरण गरिनेछ।

१६. विद्यालय कर्मचारी, बालविकास सहजकर्ता, भाषा शिक्षक तथा न्यून पारिश्रमिकमा कार्यरत जनशक्तिको मनोबल अभिवृद्धि गर्न गाउँपालिकाको आन्तरिक स्रोतबाट थप प्रोत्साहन तथा पारिश्रमिक सहयोगलाई निरन्तरता दिइनेछ।

१७. कक्षा ५ को आधारभूत सिकाइ परीक्षण, कक्षा ८ को पालिकास्तरीय केन्द्रीकृत परीक्षा तथा नियमित शैक्षिक मूल्याङ्कन प्रणालीमार्फत सिकाइ उपलब्धिको निरन्तर अनुगमन गरिनेछ।

१८. **<u>"एक विद्यालय—एक करेसाबारी" तथा "एक शिक्षक—एक बिरुवा"</u>** कार्यक्रमलाई निरन्तरता दिई वातावरण संरक्षण, पोषण, कृषि शिक्षा तथा प्रयोगात्मक सिकाइलाई संस्थागत गरिनेछ।

१९. प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, शिक्षा समिति तथा सरोकारवालाको क्षमता अभिवृद्धिका लागि देशका उत्कृष्ट तथा नमुना विद्यालयहरूको अध्ययन अवलोकन भ्रमण, अनुभव आदानप्रदान तथा नेतृत्व विकास कार्यक्रम गरिएको निरन्तर गरिनेछ।

२०. सामुदायिक विद्यालयहरूको भौतिक पूर्वाधार, सुरक्षित तथा बालमैत्री सिकाइ वातावरण, प्रविधिमैत्री शिक्षण, शिक्षक क्षमता विकास, नवप्रवर्तन तथा गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि आवश्यक कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२१. "सबैका लागि गुणस्तरीय शिक्षा, प्रविधिसँग जोडिएको शिक्षा, सीपसहितको शिक्षा र रोजगारीसँग जोडिएको शिक्षा" भन्ने अवधारणालाई कार्यान्वयन गर्दै फक्ताङ्लुङ गाउँपालिकालाई कोशी प्रदेशकै नमुना शैक्षिक गाउँपालिकाका रूपमा विकास गरिनेछ।

## <u>युवा तया खेलकूद</u>

सक्षम, अनुशासित, सिर्जनशील, उघ्यमशील तथा स्वस्थ युवाशक्ति निर्माण गर्दै खेलकुदमार्फत समुग्नत फक्ताइलुछ निर्माण गर्ने दीर्घकालीन उद्देश्यका साथ युवा तथा खेलकुद क्षेत्रलाई सामाजिक रूपान्तरण, स्वास्थ्य प्रवर्द्र तथा प्रतिभा विकासको महत्वपूर्ण आधारका रूपमा विकास गर्न निम्न नीति तथा कार्यकम कार्यान्वयन गरिनेछः

१. गाउँपालिकाभित्रका युवाहरूको क्षमता अभिवृद्धि, व्यक्तित्व विकास, नेतृत्व क्षमत सुदृढीकरण तथा सामाजिक उत्तरदायित्वको भावना विकास गर्न युवा नेतृत्व विकास तालिम समालन गरिनेछ।

२. युवा नेतृत्वलाई स्थानीय शासन , सुशासन, लोकतान्त्रिक अभ्यास, उघ्मशीलता, स्वयंसेवा, विपद व्यवस्थापन तथा सामाजिक रूपान्तरणसँग आबद्ध गर्दै सक्षम, जिम्मेवार र परिवर्तनका संवाहक युवाशक्ति निर्माणका कार्यकम संचालन गरिनेछ।

३. विगतदेखि संचालन हुँदै आएका उद्यमशीलता तथा सीपमूलक तालिमलाई निरन्तरता दिंदै प्लम्बिङ्ग, कृषि, पशुपालन, पर्यटन, सूचन प्रविधि,निर्माण तथा अन्य रोजगारमूलकसिपतालिम समालन गरिनेछ।

४. राष्ट्रपति रनि  शिल्ड, बडा स्तरीय तथा अन्तरविघ्यालय खेलकुद प्रतियोगितालाई थप व्यवस्थित प्रतिस्पर्धात्मक र प्रभावकारी बनाउँदै निरन्तरता दिइनेछ।

५. विद्यालय तथा समुदाय स्तरबाट प्रतिभावान खेलाडीको पहिचान , नियमित प्रशिक्षण, खेल सामग्री व्यवस्थापन तथा प्रदेश, राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिताका लागि आवश्यक सहयोग उपलब्ध गराइनेछ।

६. खेलकुद पूर्वाधारको विकासलाई निरन्तरता दिंदै सावादिन BCS खेलमैदान, मानाभारा खेलमैदान तथा सिंवा बजार "सहिद रंगशाला" खेलमैदान समालनमा ल्याइसकिएको उपलब्धिलाई थप प्रभावकारी व्यवस्थापन गरिनेछ।

७. सिबु खेलमैदान निर्माण सम्पन्न भई समालनमा आइसकेको अवस्थामा यसको संरक्षणस्तरोग्नति तथा नियमित खेल गतिविधि समालनमा विशेष जोड दिइनेछ।

८. मामांखे खेलमैदान तापेयोक खेलमैदान फैम्बु व्याडमिन्टन हल तथा इखाबु व्याडमिन्टन हल निर्माण कार्यलाई समयमै सम्पन्न गरी समालनमा ल्याइनेछ।

९. सहारा स्पोर्टिन क्लब खेलमैदान निर्माण सम्पन्न गर्न यसै आर्थिक वर्षमा विनियोजित बजेटको प्रभावकारी कार्यान्वयन गरिनेछ।

१०. प्रत्येक वडामा आवश्यकता, सम्भाव्यता र जनसहभागिताका आधारमा खेल मैदान तथा बहुउद्देश्यीय खेल पूर्वाधारको निर्माण, स्तरोगति संरक्षण र व्यवस्थापनलाई चरणबद्ध रूपमा विस्तार गरिनेछ।

११. भलिबल, फुटबल, व्याडमिन्टन, एथलेटिक्स, करांते, तेक्वान्दो, तीरन्दाजी लगायतका खेलसंगै स्थानीय मौलिक तथा परम्परागत खेलहरूको संरक्षण प्रवर्द्र र प्रतियोगिता समालन गरिनेछ।

१२. उत्कुष्ट खेलाडी, प्रशिक्षक, रेफ्री तथा खेल क्षेत्रमा योगदान पुर्‍याउने व्यक्ति र संस्थालाई सम्मान, पुरस्कार तथा प्रोत्साहनको व्यवस्था गरिनेछ।

१३. महिला, आदिवासी जनजाति, दलित, अपाङ्गता भएका व्यक्ति तथा दुर्गम क्षेत्रका युवाको खेलकुदमा समान पहुंच र अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ।

## स्वास्थ्य क्षेत्रका प्रमुख उपलब्धिहरू (आर्थिक वर्ष २०८२/०८३) तथा आगामि निति

१. **सार्वजनिक स्वास्थ्य तथा निःशुल्क एम्बुलेन्स सेवा**:- दुर्गम भौगोलिक अवस्था तथा आर्थिक अभावका कारण कुनै पनि नागरिक उपचारबाट वञ्चित हुन नपरोस् भन्ने उद्देश्यका साथ फक्ताङ्लुङ गाउँपालिकाद्वारा सञ्चालित निःशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिइनेछ। स्वास्थ्यकर्मीको सिफारिसका आधारमा सञ्चालन हुने यस सेवामार्फत आर्थिक रूपमा विपन्न, असहाय, ज्येष्ठ नागरिक, गर्भवती महिला, दीर्घरोगी तथा आकस्मिक उपचार आवश्यक भएका बिरामीलाई समयमै स्वास्थ्य संस्थासम्म सुरक्षित रूपमा पुर्‍याउने व्यवस्था सुदृढ गरिनेछ।

२. आर्थिक वर्ष २०८० देखि हालसम्म यस सेवाबाट करिब १,४०० जना नागरिक लाभान्वित भइसकेका छन्। दुर्गम बस्तीबाट अस्पतालसम्म पुग्न लाग्ने उच्च यातायात खर्चका कारण उपचारबाट वञ्चित हुने तथा ज्यानसमेत जोखिममा पर्ने अवस्थाको अन्त्य गर्दै सबै नागरिकको स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्न गाउँपालिका प्रतिबद्ध रहनेछ।

३. निःशुल्क एम्बुलेन्स सेवाको प्रभावकारिता अभिवृद्धि गर्न सेवा व्यवस्थापनलाई थप व्यवस्थित, दिगो, भरपर्दो तथा नागरिकमैत्री बनाइनेछ। साथै, नागरिकको जीवन रक्षा, समयमै उपचारमा पहुँच र संविधानले प्रत्याभूत गरेको आधारभूत स्वास्थ्य अधिकारको प्रभावकारी कार्यान्वयनलाई उच्च प्राथमिकतामा राखी आवश्यक स्रोत, साधन र व्यवस्थापन सुनिश्चित गरिनेछ।

४. स्वस्थ नागरिक समृद्ध फक्ताङ्लुङको आधार भन्ने मान्यतालाई आत्मसात गर्दै फक्ताङ्लुङ गाउँपालिकाले आधारभूत स्वास्थ्य सेवाको पहुँच विस्तार, गुणस्तरीय उपचार सेवा, मातृ तथा शिशु स्वास्थ्य, आपत्कालीन उद्धार, जनस्वास्थ्य प्रवर्द्धन तथा सामाजिक स्वास्थ्य सुरक्षालाई

प्राथमिकतामा राखी विभिन्न कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गरेको छ। यस अवधिमा हासिल भएका प्रमुख उपलब्धिहरू निम्नानुसार रहेका छन्—

५. गाउँपालिकाबाट सञ्चालित दुईवटा एम्बुलेन्समार्फत स्वास्थ्यकर्मीको सिफारिसका आधारमा जिल्ला सदरमुकामसम्म निःशुल्क तथा जिल्ला बाहिर उपचारका लागि ५० प्रतिशत भाडा सहुलियत प्रदान गर्दै नागरिकलाई आपत्कालीन स्वास्थ्य सेवा उपलब्ध गराइएको छ।

६. फक्ताङलुङ गाउँपालिका द्धारा सन्चालित एम्बुलेन्समार्फत स्वास्थ्यकर्मीको सिफारिसका आधारमा मिति २०८० साल एता १४०० को संख्यामा बिरामीहरुले निशुल्क एम्बुलेन्स सेवा पाएका छन।

७. फक्ताङलुङ गाउँपालिकाका नागरिकहरु जिल्ला बाहिर औंषधि उपचार गर्न जानु परे एम्बुलेन्स सेवा पचास प्रतिशत छुट साथै आर्थिक सहयोग रु २५००० देखि अवस्था हेरेर रु१००००० सम्म स्थानिय सरकारले सहयोग गर्दै आएको निरन्तर जारि राख्ने छ।

८. तापेथोक आधारभूत अस्पतालमा ४० किलोवाट क्षमताको CR X-ray सेवा स्थापना तथा सञ्चालन प्रक्रिया अघि बढाई स्थानीयस्तरमै गुणस्तरीय निदान सेवाको आधार तयार गरिएको छ।

९. गाउँपालिकामा नागरिक आरोग्य सेवा केन्द्र तथा मनोपरामर्श सेवा सञ्चालनमा ल्याई मानसिक स्वास्थ्य तथा आधारभूत स्वास्थ्य सेवाको पहुँच विस्तार गरिएको छ।

१०. तापेथोक आधारभूत अस्पताल तथा लिङखिम (सिँवा) स्वास्थ्य चौकीमा फार्मेसी तथा प्रयोगशाला (ल्याब) सेवालाई थप व्यवस्थित, प्रभावकारी तथा नागरिकमैत्री बनाइएको छ।

११. स्वास्थ्य संस्थामा भिडियो एक्स—रे सेवा सञ्चालनका लागि स्वास्थ्यकर्मीलाई आवश्यक तालिम प्रदान गरी प्राविधिक क्षमता अभिवृद्धि गरिएको छ।

१२. दीर्घरोगी तथा घातक रोगबाट पीडित नागरिकलाई आर्थिक सहायता उपलब्ध गराउनुका साथै नेपाल सरकारको मापदण्डअनुसार आवश्यकता भएका बिरामीलाई सुविधा सम्पन्न अस्पतालमा थप उपचारका लागि रेफरल सेवा उपलब्ध गराइएको छ।

१३. घातक रोगबाट पीडित बिरामीलाई गाउँपालिकाबाट मासिक रु. ५,००० का दरले उपचार सहयोग उपलब्ध गराउने कार्यक्रम सञ्चालन गरिएको छ।

१४. अपाङ्गता भएका व्यक्तिहरूलाई स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध गराउने प्रक्रिया अगाडि बढाइएको छ।

१५. उच्च हिमाली क्षेत्रमा हुने High Altitude Sickness (उच्च हिमाली रोग) को जोखिमलाई मध्यनजर गर्दै प्रमुख पर्यटकीय पदमार्ग तथा आवश्यक स्थानमा आकस्मिक अक्सिजन सिलिन्डर र प्राथमिक स्वास्थ्य सामग्रीको व्यवस्था गरी पर्यटक तथा स्थानीय नागरिकलाई आपत्कालीन स्वास्थ्य सेवा उपलब्ध गराइएको छ।

१६. उच्च हिमाली क्षेत्रमा रहेका पशुपालक समुदाय र स्थानीय नागरिकलाई लक्षित गरी आवश्यक स्वास्थ्य परामर्श तथा स्वास्थ्य पहुँच विस्तारका कार्यक्रम सञ्चालन गरिएको छ।

१७. स्वास्थ्यकर्मीहरूलाई जन्मजात अपाङ्गता पहिचानसम्बन्धी अभिमुखीकरण प्रदान गरी नवजात शिशुदेखि पाँच वर्षमुनिका बालबालिकामा अपाङ्गताको प्रारम्भिक पहिचान तथा नियमित स्वास्थ्य परीक्षण प्रणाली कार्यान्वयन गरिएको छ।

१८. नवविवाहित दम्पतीलाई फोलिक एसिड सेवनसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरी शुभकामना कार्डसहित स्वास्थ्य परामर्श प्रदान गरिएको छ।
१९. समुदायस्तरमा मानसिक स्वास्थ्यसम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरी मानसिक स्वास्थ्यप्रति नागरिकको सचेतना अभिवृद्धि गरिएको छ।
२०. फक्ताङलुङ गाउँपालिकाका सम्पूर्ण नागरिक थोतेमुक्त पालिका अभियान **दन्त उपहार** कार्यक्रमअन्तर्गत ४९० जना नागरिकलाई दन्त परीक्षण, उपचार तथा आवश्यक सामग्री उपलब्ध गराइएको छ। साथै मुखसम्बन्धी रोगहरूको निःशुल्क उपचार सेवा सञ्चालन गरिएको छ।
२१. अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य उपचार, पुनर्स्थापना तथा आवश्यक सहायक सामग्री उपलब्ध गराउन आर्थिक तथा प्राविधिक सहयोग प्रदान गरिएको छ।
**२२.** स्वास्थ्य संस्था तथा वडा तहमा नियमित खोप, मातृ तथा शिशु स्वास्थ्य, पोषण, जनचेतना तथा आधारभूत स्वास्थ्य सेवा कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गरी नागरिकको स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गरिएको छ।

## स्वास्थ्य शिविर तथा विशेषज्ञ स्वास्थ्य सेवा विस्तार

फक्ताङ्लुङ गाउँपालिकाका प्रत्येक नागरिकलाई गुणस्तरीय, सहज, सर्वसुलभ तथा विशेषज्ञ स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्ने उद्देश्यले गाउँपालिकाले प्रत्येक वर्ष कम्तीमा एक पटक विशेषज्ञ निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ। यस कार्यक्रममार्फत दुर्गम क्षेत्रमा बसोबास गर्ने नागरिकलाई विशेषज्ञ स्वास्थ्य सेवा आफ्नै गाउँमा उपलब्ध गराउने नीति अवलम्बन गरिएको छ।

**यस अभियान अन्तर्गत हालसम्म हासिल भएका प्रमुख उपलब्धिहरू:**

### प्रथम वर्ष — बृहत् निःशुल्क आँखा स्वास्थ्य शिविर

१. विश्वविख्यात नेत्र शल्यचिकित्सक डा. सन्दुक रुइत सहितको विशेषज्ञ टोली तथा तिलगंगा आँखा प्रतिष्ठान को प्राविधिक सहयोगमा फक्ताङ्लुङ गाउँपालिकामा बृहत् निःशुल्क आँखा स्वास्थ्य शिविर सञ्चालन गरिएको।
२. करिब २,४०० जना नागरिकको आँखा परीक्षण गरिएको।
३. मोतिबिन्दु लगायत विभिन्न नेत्ररोगको पहिचान तथा आवश्यक बिरामीको निःशुल्क शल्यक्रिया सम्पन्न गरिएको।
४. दृष्टिविहीनता न्यूनीकरण तथा समयमै उपचारको पहुँच विस्तारमा महत्वपूर्ण उपलब्धि हासिल गरिएको।

### दोस्रो वर्ष — बहुविशेषज्ञ एकीकृत स्वास्थ्य शिविर

५. एक—एक पाइला अभियानअन्तर्गत १४ भन्दा बढी विशेषज्ञ चिकित्सकहरूको टोलीमार्फत बृहत् एकीकृत स्वास्थ्य शिविर सञ्चालन गरिएको।

६. आँखा, नाक, कान, घाँटी, जनरल मेडिसिन तथा अन्य विशेषज्ञ सेवामार्फत हजारौं नागरिकको स्वास्थ्य परीक्षण गरिएको।

७. विभिन्न रोगको प्रारम्भिक पहिचान, आवश्यक औषधि वितरण तथा उपचार सेवा निःशुल्क उपलब्ध गराइएको।

८. जटिल मुटुरोग पहिचान भएका बिरामीको काठमाडौंमा निःशुल्क मुटुको शल्यक्रिया गराउने व्यवस्था मिलाई उपचारमा सहजीकरण गरिएको।

९. रोगको समयमै पहिचान, रोकथाम र उपचारमार्फत नागरिकको स्वास्थ्य सुरक्षा सुदृढ बनाइएको।

**<u>तेस्रो वर्ष — 'फक्ताङलुङ थोतेमुक्त अभियान अन्तर्गत निःशुल्क दन्त स्वास्थ्य शिविर</u>**

१०. दन्त स्वास्थ्य प्रवर्द्धन तथा 'थोतेमुक्त फक्ताङलुङ÷ अभियानलाई सफल बनाउन बृहत् निःशुल्क दन्त स्वास्थ्य शिविर सञ्चालन गरिएको।

११. ठूलो संख्यामा नागरिकले दन्त परीक्षण, दाँत सफा गर्ने, दाँत टाल्ने तथा आवश्यक परेका दाँत निकाल्ने सेवा निःशुल्क प्राप्त गरेका।

१२. मुख तथा दाँतसम्बन्धी रोगको रोकथाम, जनचेतना अभिवृद्धि तथा नियमित दन्त परीक्षणको संस्कृतिलाई प्रोत्साहन गरिएको।

## <u>आगामी योजना</u>

प्रत्येक वर्ष विशेषज्ञ चिकित्सकसहित बृहत् निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्ने कार्यक्रमलाई संस्थागत गर्दै निरन्तरता दिइनेछ। आँखा, दन्त, महिला तथा बाल स्वास्थ्य, ज्येष्ठ नागरिक, मुटु, हाडजोर्नी, नाक—कान—घाँटी तथा अन्य विशेषज्ञ सेवाको पहुँच थप विस्तार गरिनेछ। जटिल रोग पहिचान भएका बिरामीलाई आवश्यकतानुसार रेफरल, निःशुल्क वा सहुलियतपूर्ण उपचार तथा शल्यक्रियाका लागि सम्बन्धित विशेषज्ञ अस्पतालसँग समन्वय गरिनेछ।

**<u>"विशेषज्ञ स्वास्थ्य सेवा गाउँमै"</u>** भन्ने अवधारणालाई कार्यान्वयन गर्दै फक्ताङलुङका प्रत्येक नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्ने नीति अवलम्बन गरिनेछ।

आर्थिक बर्ष २०८३।०८४ भित्र १५ बेडको सामुदायिक अस्पताल निर्माणको लागि बोलपत्र आव्हान गरिने छ।

फक्ताङलुङ गाउँपालिका भौगोलिक हिसाबले धेरै ठुलो भएकोले **<u>थप १ जना एम बि बि एस डाक्टर</u>** तल्लो भेगलाइ समेट्ने गरि सिंवा स्वास्थ्य चौकिमा राखिने छ ।

**<u>महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता तथा सामाजिक सुरक्षा क्षेत्रका प्रमुख उपलब्धिहरू तथा आगामि नितिः</u>**

समावेशी, न्यायपूर्ण तथा सामाजिक सुरक्षायुक्त समाज निर्माण गर्ने उद्देश्यका साथ फक्ताङलुङ गाउँपालिकाले महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा सामाजिक रूपमा

पछाडि परेका समुदायको संरक्षण, सशक्तीकरण, क्षमता विकास तथा सामाजिक सुरक्षालाई उच्च प्राथमिकतामा राखी विभिन्न कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गरेको छ। यस अवधिमा हासिल भएका प्रमुख उपलब्धिहरू निम्नानुसार रहेका छन् ।

१. महिला, बालबालिका तथा अपाङ्गता भएका व्यक्तिको संरक्षण, पुनर्स्थापना र सशक्तीकरणमा जोड दिईनेछ।
२. कोशी प्रदेश सरकार, गाउँपालिकाको महिला तथा बालबालिका शाखा तथा करुणा फाउण्डेशनसँगको साझेदारीमा अपाङ्गता भएका व्यक्तिहरूको पहिचान, अपाङ्गता परिचयपत्र वितरण, पुनर्स्थापना तथा सामाजिक समावेशीकरणसम्बन्धी कार्यक्रम सञ्चालन गरिएको छ।
३. अपाङ्गता भएका व्यक्तिहरूलाई आत्मनिर्भर तथा आर्थिक रूपमा सक्षम बनाउन सीप विकास तालिम सञ्चालन गर्नुका साथै आवश्यकता अनुसार सहायक सामग्री वितरण गरिएको छ।
४. अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य उपचारमा आवश्यक आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराइएको छ। साथै स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध गराउने प्रक्रिया अघि बढाइएको छ।
५. स्वास्थ्यकर्मीहरूलाई जन्मजात अपाङ्गता पहिचानसम्बन्धी अभिमुखीकरण प्रदान गरी नवजात शिशुदेखि पाँच वर्षमुनिका बालबालिकामा अपाङ्गताको प्रारम्भिक पहिचान तथा नियमित स्वास्थ्य परीक्षण प्रणाली कार्यान्वयन गरिएको छ।
६. अपाङ्गता भएका व्यक्तिहरूका लागि गठन गरिएका मिलिजुली समूह तथा उनीहरूका अभिभावकहरूको क्षमता अभिवृद्धिका लागि आवश्यक तालिम सञ्चालन गरिएको छ।
७. महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा अन्य लक्षित वर्गको अधिकार संरक्षण, सामाजिक समावेशीकरण, लैङ्गिक समानता तथा क्षमता विकासका लागि विभिन्न जनचेतनामूलक, अभिमुखीकरण तथा सशक्तीकरण कार्यक्रम सञ्चालन गरिएको छ।

**सामाजिक सुरक्षा तथा ज्येष्ठ नागरिक सम्मान**

१. ज्येष्ठ नागरिक, दलित, एकल महिला, विधवा, पूर्ण तथा आंशिक अपाङ्गता भएका व्यक्ति तथा दलित बालबालिकालाई सामाजिक सुरक्षा भत्ता विद्युतीय भुक्तानी प्रणाली (EFT) मार्फत नियमित रूपमा वितरण गरिएको छ।
२. **दुर्गम क्षेत्रका सेवाग्राहीलाई सहजता प्रदान गर्ने वडा कार्यालयको समन्वयमा सामाजिक सुरक्षा भत्ता घरदैलोमै स्वास्थ्य सेवा सहित वितरण गर्ने कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरिएको छ।**
३. सामाजिक सुरक्षा भत्ता नवीकरण कार्यमध्ये ७० प्रतिशतभन्दा बढी सेवा बायोमेट्रिक प्रणालीमार्फत सम्पन्न गरी सेवा प्रवाहलाई थप छिटो, पारदर्शी तथा विश्वसनीय बनाइएको छ।
४. ज्येष्ठ नागरिक युवा दन्त उपहार कार्यक्रमअन्तर्गत ४९० जना ज्येष्ठ युवा नागरिकलाई निःशुल्क दन्त परीक्षण, उपचार तथा आवश्यक दाँत रोपिएको साथै सामग्री उपलब्ध गराइएको छ। मुख सम्बन्धी रोगहरूको निःशुल्क उपचार सेवा सञ्चालन गरिएको छ।

५. नवविवाहित दम्पतीलाई **"फोलिक एसिड"** सेवन सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गरी शुभकामना कार्डसहित स्वास्थ्य परामर्श प्रदान गरिएको छ, जसले सुरक्षित मातृत्व तथा स्वस्थ शिशु जन्म अभियानलाई टेवा पुऱ्याएको छ।
६. समुदायस्तरमा मानसिक स्वास्थ्यसम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरी मानसिक स्वास्थ्यप्रति नागरिकको जनचेतना अभिवृद्धि गरिएको छ।
**७. अभिभावकविहीन, असहाय तथा अतिविपन्न बालबालिकाको शिक्षा, आवास तथा आधारभूत आवश्यकताको व्यवस्थापन गाउँपालिका अध्यक्ष-राजन लिम्बु (मुक्ति) को सरकारी सेवा सुविधा मार्फत जम्मा भएको "फक्ताङ्लुङ डेभलपमेन्ट फाउण्डेशन" मार्फत गरिएको छ।**
८. व्यक्तिगत घटना दर्ता तथा राष्ट्रिय परिचयपत्र दर्ता अभियानलाई प्रभावकारी रूपमा सञ्चालन गरी नागरिकको सामाजिक सुरक्षा तथा राज्यका सेवामा पहुँच विस्तार गरिएको छ।

**वैदेशिक रोजगारी, सीप विकास तथा पुनःएकीकरण**

१. वैदेशिक रोजगारीबाट फर्किएका नागरिकहरूका लागि सुरक्षित वैदेशिक रोजगारी तथा पुनःएकीकरण अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ।
२. आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रमअन्तर्गत स्वदेश तथा वैदेशिक रोजगारीका लागि आवश्यक सीप विकास, क्षमता अभिवृद्धि तथा व्यावसायिक तालिम सञ्चालन गर्न विशेष बजेट विनियोजन गरिएको छ। यस कार्यक्रममार्फत युवाहरूलाई रोजगारीका अवसरसँग जोड्ने, स्वरोजगार प्रवर्द्धन गर्ने तथा दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्य राखिएको छ।

**आर्थिक वर्ष २०८३/०८४ का नवीन सामाजिक सुरक्षा कार्यक्रम**

१. आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रममार्फत फक्ताङ्लुङ गाउँपालिकाले **६० देखि ७० वर्ष उमेर समूहका नागरिक**लाई सामाजिक सम्मानस्वरूप **मासिक भत्ता** उपलब्ध गराउने ऐतिहासिक व्यवस्था गरेको छ। संघीय सरकारबाट उपलब्ध हुने ज्येष्ठ नागरिक भत्ता ७० वर्षपछि मात्र प्राप्त हुने अवस्थालाई मध्यनजर गर्दै ६०—७० वर्ष उमेर समूहका नागरिकले भोग्दै आएको आर्थिक तथा सामाजिक संक्रमणकाललाई सम्बोधन गर्ने उद्देश्यले यो कार्यक्रम कार्यान्वयनमा ल्याइएको हो। सीमित स्रोत—साधनका बीच ज्येष्ठतर्फ उन्मुख नागरिकहरूको जीवनयापनमा सहयोग पुऱ्याउने तथा उहाँहरूको योगदानप्रति सम्मान व्यक्त गर्ने स्थानीय सरकारको सामाजिक उत्तरदायित्वका रूपमा यस कार्यक्रमलाई अघि बढाइएको छ।
२. आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रमअन्तर्गत न्यून तलबमानमा कार्यरत विद्यालयका लेखापाल, भाषा शिक्षक, बालशिक्षिका, कार्यालय सहयोगी लगायतका कर्मचारीहरूको बढ्दो महँगीका कारण परेको आर्थिक भारलाई केही हदसम्म सम्बोधन गर्ने उद्देश्यले हाल प्राप्त गरिरहेको तलबमा १० प्रतिशत वृद्धि हुने गरी बजेट विनियोजन गरिएको छ।

युवा विकास तथा उद्यमशीलता

फक्ताङ्लुङ गाउँपालिकाले युवालाई सक्षम, सीपयुक्त, आत्मनिर्भर तथा उत्पादनशील नागरिकका रूपमा विकास गर्ने लक्ष्यका साथ आर्थिक वर्ष २०८३/०८४ मा युवा लक्षित कार्यक्रमहरूलाई निरन्तरता दिँदै थप प्रभावकारी बनाइनेछ। यसका लागि निम्न कार्यक्रमहरू सञ्चालन गरिनेछन्—

१. युवाको क्षमता विकास, नेतृत्व अभिवृद्धि, उद्यमशीलता प्रवर्द्धन तथा स्वरोजगार सिर्जनालाई प्राथमिकतामा राखी सीपमूलक तथा व्यावसायिक तालिम सञ्चालन गरिनेछ।
२. सम्भावित उद्यमी युवाको आवश्यकता पहिचान गरी स्थानीय स्रोत, सीप र बजारसँग जोडिएका उद्यम विकास कार्यक्रम सञ्चालन गरिनेछ।
३. प्लम्बिङ, इलेक्ट्रिसियन, ढाका बुनाइ, बाँसजन्य हस्तकला, झोला सिलाइ, डल तथा कुसन निर्माण लगायत स्थानीय सम्भावनामा आधारित सीपमूलक तालिमलाई निरन्तरता दिइनेछ।
४. महिला तथा युवालाई आत्मनिर्भर बनाउन आवश्यक तालिम, प्रविधि, बीउपूँजी, अनुदान तथा उत्पादित वस्तुको बजारीकरणमा सहयोग गरिनेछ।
५. ढाका कपडा, बाँसजन्य हस्तकला तथा अन्य स्थानीय उत्पादनको ब्राण्डिङ, मूल्य अभिवृद्धि र बजार विस्तारका लागि आवश्यक सहजीकरण गरिनेछ।
६. वैदेशिक रोजगारीबाट फर्किएका युवाको ज्ञान, सीप र अनुभवलाई स्थानीय उद्यम तथा उत्पादनसँग जोड्ने पुनःएकीकरण कार्यक्रम सञ्चालन गरिनेछ।
७. प्रधानमन्त्री रोजगार कार्यक्रम तथा अन्य रोजगारीमुखी कार्यक्रममार्फत बेरोजगार युवालाई सम्मानजनक रोजगारी तथा आयआर्जनका अवसर सिर्जना गरिनेछ।
८. अपाङ्गता भएका व्यक्तिहरूलाई आत्मनिर्भर बनाउन सीप विकास, उद्यम प्रवर्द्धन, समूह गठन, बीउपूँजी, नेपाली कागज उत्पादन, पुनर्स्थापना तथा स्वास्थ्य सहयोग कार्यक्रमलाई साझेदारीमा निरन्तरता दिइनेछ।
९. युवा स्वयंसेवा, नवप्रवर्तन, सामाजिक नेतृत्व तथा सामुदायिक विकासमा युवाको सक्रिय सहभागिता बढाउने कार्यक्रम सञ्चालन गरिनेछ।
१०. स्थानीय उत्पादन, कृषि, पर्यटन, जडीबुटी, हस्तकला तथा सेवा क्षेत्रमा युवाको उद्यमशील सहभागिता विस्तार गरी गाउँमै रोजगारी सिर्जना गर्ने नीति अवलम्बन गरिनेछ।

## पूर्वाधार विकास क्षेत्रका प्रमुख उपलब्धिहरू (आर्थिक वर्ष २०८२/०८३) तथा आगामि नितिः

समृद्ध फक्ताङ्लुङ निर्माणका लागि दिगो, गुणस्तरीय तथा नागरिकमैत्री पूर्वाधार विकासलाई उच्च प्राथमिकतामा राखी सडक, भवन, विद्युत्, सूचना तथा सञ्चार, खानेपानी तथा सार्वजनिक पूर्वाधार विकासका विभिन्न कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गरिएको छ। यस अवधिमा हासिल भएका प्रमुख उपलब्धिहरू निम्नानुसार रहेका छन्—

### भवन तथा सार्वजनिक पूर्वाधार विकास

१. गाउँपालिकाको प्रशासनिक भवन निर्माण कार्यलाई उच्च प्राथमिकताका साथ तीव्र गतिमा अगाडि बढाइएको छ। हाल भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको छ र आर्थिक वर्ष

२०८३/०८४ को असोज महिनाभित्र निर्माण सम्पन्न गरी सेवा सञ्चालनमा ल्याउने लक्ष्यका साथ आवश्यक स्रोत—साधन परिचालन गर्दै निर्माण कार्यलाई प्रभावकारी रूपमा अघि बढाइएको छ।

२. **<u>बाढि तथा पहिरोको उच्च जोखिममा रहेका घरपरिवारहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गरि सुरक्षित आवास बनाउने उद्देश्यका साथ सावादिन र खेजेनिमका जोखिमयुक्त क्षेत्रका बासिन्दाहरुलाई सुरक्षित स्थानमा जमिन खरिद गरेर भवन निर्माणको कार्य अगाडि बढाईएको र आगामि आर्थिक बर्षमा सम्पन्न गरि परिवार स्थानान्तरण गर्ने लक्ष्य राखिएको छ।</u>**

३. पहिलो चरणमा छनोट भएका गणेश आधारभूत बिध्यालय, सरस्वती च्यारिबुक माध्यमिक बिध्यालय सुनदेवी माध्यमिक बिध्यालय सिबु आ बि महेन्द्र आ बि तिङदु बाल शिक्षा लाइ कक्षा ३ सम्म साथै नयाँ भवन निर्माण कार्य तीव्र गतिमा सञ्चालन गरिएको छ।

४. लुङथुङ आ बि भवन निर्माण सुरक्षित घेराबारा निर्माण साथै सुबिधा सम्पन्न होस्टेल सन्चालन भएको छ।

५. साबित्रि आ बि क्यान्टिन सुरक्षित घेराबारा साथै खेलमैदान ब्याबस्थित गरिएको छ।

६. सिंवा मा बि मा नयाँ भवन निर्माण थपिने साथै आवासिय निर्माणाधिन लाइ सम्पन्न गरिने छ।

७. महारानी आ बि लाइ मर्मत सम्भार गरि नयाँ लुक्स दिइएको छ।

८. वडा नं. ५ स्थित पार्वती माध्यमिक बिध्यालयको नयाँ पक्की भवन निर्माणमा उल्लेखनीय भौतिक प्रगति हासिल गरिएको छ।

९. सावादिनको नाक्ला स्वास्थ्य इकाई भवन निर्माण भइसकेर सन्चालनमा ल्याइएको छ।प

१०. सावादिन स्वास्थ्य चौकि आवासिय निर्माण भइ सन्चालनमा आएको छ।

११. रबिकला मा बि को लागि पक्की भवनहरु सम्पन्न गरिएको छ।

१२. खेजिनिम मा बि मा थप दुइवटा पक्की भवन निर्माण भएको छ।

१३. आदर्श मा बि मा थप १ पक्की भवन साथै घेराबारा निर्माण भएको छ।

१४. हिमालि रत्न आ बि मा एउटा, रानी आ बिमा एउटा तथा सेवालुङ मा बि घेराबारा खेलमैदान बिपुधाम आ बि भवन

१५. गाउँपालिका तथा वडा स्तरका अधिकांश विकास आयोजनाहरू निर्धारित समयसीमा भित्र सम्पन्न हुने गरी अन्तिम चरणमा पुऱ्याइएको छ।

## <u>सडक तथा पुल पूर्वाधार विकास</u>

१. तमोर करिडोर (सुभाङखोला—दोभान—ओलाङचुङगोला) सडक योजना अन्तर्गत रणनीतिक सडक निर्माण तथा स्तरोन्नति कार्यलाई तीव्र गतिमा अगाडि बढाइएको छ। यस योजनाअन्तर्गत ट्र्याक खोल्ने कार्य सम्पन्न भई तिप्ताला नाकासम्म सडक पहुँच विस्तार भएको छ। हाल फक्ताङ्लुङ गाउँपालिकाको थिवासम्म ग्राभेलिङ कार्य सम्पन्न भइसकेको छ भने थिवा—तापेथोक—रानीपुल—इला गाउँ खण्डमा ग्राभेलिङ कार्य तीव्र गतिमा सञ्चालन भइरहेको छ। साथै, सुकेपानी—ओलाङचुङगोला खण्डको ग्राभेलिङ कार्यका लागि आर्थिक वर्ष २०८३/०८४ मा आवश्यक बजेट विनियोजन भइसकेको छ र सो कार्य निर्धारित समयभित्र सम्पन्न गर्ने लक्ष्यका साथ कार्यान्वयन प्रक्रिया अगाडि बढाइएको छ। यस सडक योजनाले फक्ताङ्लुङ

गाउँपालिकाको दुर्गम बस्तीहरूलाई सर्वकालीन सडक सञ्जालसँग जोड्नुका साथै पर्यटन, व्यापार, कृषि, जलविद्युत तथा सीमा क्षेत्रको समग्र आर्थिक तथा सामाजिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

४. हाङबरुङ—ताप्लिङ—पिथोड—साप्चुङवा—इखाबु जोडने सडक ट्रेकओपन भईसकेको स्तरोन्नति कार्यलाई निरन्तरता दिई दुर्गम बस्तीहरूलाई सडक सञ्जालसँग जोड्ने कार्य अगाडि बढाइएको छ।

५. सिंवा बजार हुदै फिलढुङ्गा चवाखु तिङदो खजिनिम रिङरोड सम्पन्न भईसकेको छ।

६. मित्लुङ सानिमा हाइड्रो हुदै चौध गोलाई उकालो सावादेन मोटर बाटो सम्पन्न भएको छ।

७. सावादेन सेर्पा गाउँ हुदै बोंझे खोक्लिङ मिक्वाखोला जोडने कृषि सडक ट्रेक ओपन कार्य जारि छ।

८. सावादिन गैरीगाउँ देखि महभिर हुदै फिलढुङ्गा जोडने गाडि बाटोको लागि आ व २०८३।०८४ मा बजेट बिनियोजन भएको छ।

९. हाङबरुङ खेजिनिम सिवु सेर्पा गाउँ हुदै वाग्मा पोखरी फुङफुङे झरना पर्यटकीय मोटर बाटो निर्माण भइरहेको छ।

१०. सेराप गाउँ सिरान हुदै सिबु गाउँ जोडने क्रिषि सडक ट्रेक ओपन गर्ने काम जारि छ।

११. आँम्बेबुङ मामांखे जोडने मानाभारा कृषि सडक ट्रेकओपन जारि छ।

१२. मामांखे साप्चुङवा मोटर बाटो जोडिएको छ।

१३. रानी आ बि हुदै खानी गाउँ जोडने कृषि सडक ट्रेक ओपन गर्ने काम हुदै छ।

१४. नुगुदेन हुदै बिपुधाप जोडने क्षेत्रिय लोकमार्ग बनौन आ व २०८३।०८४ बजेट बिनियोजन भएको।

१५. बिपुधाप फङद्रा बिपुधाप डाँडेनि बतासे कृषि सडक ट्रेक ओपन गर्नेकाम भएको छ।

१६. हेल्लोक परेवाखिम डाँडा कृषि सडक ट्रेक ओपन भएको छ।

१७. हेल्लोक ८ नम्बर डाँडा गाउँ जोडने कृषि सडकको लागि बजेट बिनियोजन भएको छ।

१८. सिसाङवा खोला ऐताङ्गो पाथिभारा धार्मिक पर्यटकीय मोटर बाटो ट्रेक ओपनको काम अघि बढाई रहेको छ ।

- लेलेपको फेम्बु मादिबुङ हुदै माथितिर आहाले मुरिङला तल तिर पिपलबोट हुदै साँगु बगर गाडिको बाटो जोडिएको छ।
- लेलेपको लाओजेन नुप्लुङ हुदै स्कुल डाँडा लुङथुङ गुम्बा तल्लो गाउँ सडक सञ्जाल जोडिएको छ।

१९. तावा सिरान—पाथीभरा सडक निर्माण कार्यलाई तीव्रता दिई धार्मिक तथा पर्यटकीय पहुँच विस्तारमा टेवा पुऱ्याइएको छ।

- तावा तमोर करिडोर देखि बिच गाउँ हुदै बिजय आ बि मेचि राजमार्ग गाडि बाटो जोडन यो आ ब बजेट बिनियोन भएको छ।
- गाउँपालिकाभित्रका ग्रामीण सडकहरूको नियमित मर्मत, स्तरोन्नति तथा सञ्चालनमार्फत वर्षभरि यातायात सेवा सहज बनाउने प्रयास गरिएको छ।

## मोटरेबल पुल, बेलिब्रिज तथा झोलुङ्गे पुल निर्माणः

दुर्गम बस्तीहरूलाई वर्षैभरि सुरक्षित, भरपर्दो र सहज आवतजावतको पहुँचमा जोड्ने उद्देश्यका साथ मोटरेबल पुल, बेलिब्रिज तथा झोलुङ्गे पुल निर्माणलाई प्राथमिकताका साथ निरन्तरता दिइनेछ।

गाउँपालिकाका विभिन्न स्थानमा दर्जनभन्दा बढी झोलुङ्गे पुल निर्माण सम्पन्न भई सञ्चालनमा आइसकेका छन् भने केही निर्माणाधीन अवस्थामा रहेका छन्। यसबाट स्थानीय नागरिकको दैनिक आवतजावत, कृषि उपज ढुवानी, शिक्षा, स्वास्थ्य तथा अन्य आधारभूत सेवामा सहज पहुँच स्थापित भएको छ। आगामी आर्थिक वर्षमा आवश्यकता र प्राथमिकताका आधारमा थप मोटरेबल पुल, बेलिब्रिज तथा झोलुङ्गे पुल निर्माण तथा स्तरोन्नति कार्यलाई संघ, प्रदेश र विकास साझेदार निकायहरूसँगको समन्वयमा अघि बढाइनेछ।

- सिंवा—खेजिनिम जोड्ने पक्की मोटरेबल पुल निर्माण सम्पन्न भई सञ्चालनमा आएको छ, जसले स्थानीय यातायात र आर्थिक गतिविधिमा उल्लेखनीय सहजता ल्याएको छ।
- फुङ्लिङ नगरपालिका र फक्ताङ्लुङ गाउँपालिकालाई जोड्ने तल्लो सिस्ने खोलाको बेलिब्रिज निर्माण सम्पन्न भई सञ्चालनमा आएको छ। साथै, माथिल्लो सिस्ने खोलामा थप बेलिब्रिज निर्माणका लागि आवश्यक पहल अगाडि बढाइएको छ।
- छिरुवा—इखाबु जोड्ने बेलिब्रिज निर्माणका लागि आर्थिक वर्ष २०८३/०८४ मा बजेट विनियोजन गरिएको छ। उक्त आयोजना संघ, प्रदेश, फक्ताङ्लुङ गाउँपालिका तथा निर्माणाधीन जलविद्युत् आयोजनाहरूसँगको साझेदारीमा कार्यान्वयन गरिनेछ।
- तापेथोक—साँगुबगर जोड्ने बेलिब्रिज निर्माण अन्तिम चरणमा पुगेको छ र चालु आर्थिक वर्षभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ।
- ताम्मावा खोलामा निर्माणाधीन मोटरेबल पुल पनि अन्तिम चरणमा पुगेको छ र चालु आर्थिक वर्षमै सञ्चालनमा ल्याइनेछ।
- रानीपुल बेलिब्रिज निर्माणको ठेक्का सम्झौता भइसकेको छ। निर्माण व्यवसायीले असार मसान्तभित्र सम्पन्न गर्ने प्रतिबद्धता जनाएको भए पनि दक्ष कामदार अभावका कारण केही ढिलाइ भएको छ। तथापि, चालु आर्थिक वर्षभित्रै निर्माण सम्पन्न गर्ने लक्ष्य कायम रहेको छ।
- लेलेप—ओलाङचुङगोला जोड्ने तमोर करिडोर अन्तर्गत सुकेपानी—तमोर बेलिब्रिज निर्माण सम्पन्न भई सञ्चालनमा आएको छ, जसले दुर्गम क्षेत्रको आवतजावतलाई थप सहज बनाएको छ।
- आगामी चरणमा तावा खोला, थिवा खोला, सिसाङवा खोला, थाक्पु खोला, फेदी खोला, जोङ्गिन तथा दोबाटोलगायतका स्थानहरूमा आवश्यक पक्की मोटरेबल पुल निर्माणका लागि संघ, प्रदेश तथा अन्य साझेदार निकायसँग समन्वय गरी बजेट व्यवस्थापन र कार्यान्वयन प्रक्रिया अघि बढाइनेछ।

## विद्युत् तथा नवीकरणीय ऊर्जा विकास्

दिगो, भरपर्दो, स्वच्छ तथा सबै नागरिकको पहुँचमा पुग्ने ऊर्जा प्रणालीको विकास गर्दै उज्यालो फक्ताङलुङ निर्माण गर्ने उद्देश्यका साथ निम्न नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछः गाउँपालिकाभित्रका सबै बस्तीमा गुणस्तरीय, सुरक्षित तथा भरपर्दो विद्युत् सेवा विस्तार गर्दै **<u>"उज्यालो फक्ताङलुङ"</u>** अभियानलाई निरन्तरता दिइनेछ।

- लेलेपस्थित थाक्पुखोला लघु जलविद्युत् आयोजना वर्षौंदेखि बजेट अभावका कारण सञ्चालनमा आउन सकेको थिएन। हाम्रो नेतृत्वमा गाउँपालिका सरकार गठन भएपछि आवश्यक बजेट विनियोजन गरी आयोजना सम्पन्न गरियो, जसका कारण दशैंको अवसरसँगै अन्धकारमा रहेको लेलेप गाउँ पहिलो पटक उज्यालोमा रूपान्तरण भयो। पहिलो पटक विद्युत् बत्ती बलेपछि स्थानीय नागरिकको मुहारमा खुसी छायो र गाउँको जनजीवनमा नयाँ आशा तथा उत्साहको सञ्चार भयो।
- अब उक्त आयोजनालाई पूर्ण क्षमतामा सञ्चालन गर्दै विद्युत् सेवाको गुणस्तर, दिगोपना, नियमित मर्मत—सम्भार तथा प्रभावकारी व्यवस्थापनलाई थप सुदृढ गरिनेछ। साथै, भविष्यमा बढ्दो विद्युत् मागलाई मध्यनजर गर्दै आवश्यक प्राविधिक सुधार, क्षमता विस्तार तथा सेवा व्यवस्थापनका कार्यलाई निरन्तरता दिइनेछ, ताकि स्थानीय नागरिकले भरपर्दो, गुणस्तरीय र दिगो विद्युत् सेवा प्राप्त गर्न सकून्।
- लेलेपस्थित थाक्पुखोला लघु जलविद्युत् आयोजना सन्चालनमा ल्याइएको अन्धकार गाउँ उज्यालोमा रुपान्तरण नागरिकको मुहारमा खुसि छाएको यसलाइ पूर्ण क्षमतामा सञ्चालन गरी विद्युत् सेवाको दिगोपना, मर्मत—सम्भार तथा व्यवस्थापनलाई सुदृढ गरिनेछ।
- लेलेपको ग्याब्ला तथा घुन्सामा निर्माणाधीन लघु जलविद्युत् आयोजनाहरू आर्थिक वर्ष २०८३/०८४ भित्र सम्पन्न गरी स्थानीय बासिन्दा तथा कञ्चनजङ्घा संरक्षण क्षेत्रका पर्यटकीय गन्तव्यहरूमा भरपर्दो विद्युत् आपूर्ति सुनिश्चित गरिनेछ।
- गाउँपालिकाका दुर्गम तथा विद्युत् पहुँचबाट वञ्चित बस्तीहरूमा केन्द्रीय विद्युत् लाइन तथा आवश्यक वैकल्पिक ऊर्जा प्रणाली विस्तार गरी सबै घरधुरीमा विद्युत् पहुँच पुऱ्याउने अभियानलाई निरन्तरता दिइनेछ।
- नेपाल विद्युत् प्राधिकरण तथा सम्बन्धित निकायसँग आवश्यक समन्वय गरी विद्युत् प्रसारण तथा वितरण प्रणालीको स्तरोन्नति, क्षमता विस्तार र सेवा गुणस्तर सुधारका कार्यक्रम सञ्चालन गरिनेछ।
- वडा नं. ६ को मुरिङ्लाडाँडा तथा लोवाडाँडामा स्थापना भएका ४जी दूरसञ्चार टावरहरूको दिगो सञ्चालनका लागि आवश्यक विद्युत् पूर्वाधार सुदृढ गरिनेछ तथा दूरसञ्चार सेवाको थप विस्तारका लागि सम्बन्धित निकायसँग समन्वय गरिनेछ।
- पर्यटन, शिक्षा, स्वास्थ्य, कृषि तथा लघु उद्यमसँग ऊर्जा क्षेत्रलाई आबद्ध गर्दै उत्पादनमूलक विद्युत् उपयोगलाई प्रोत्साहन गरिनेछ।
- जलविद्युत् तथा नवीकरणीय ऊर्जामा निजी क्षेत्र, विकास साझेदार तथा समुदायसँग सहकार्य गरी सौर्य, लघु जलविद्युत् तथा अन्य वैकल्पिक ऊर्जा प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिनेछ।

- जलवायु परिवर्तन अनुकूल, वातावरणमैत्री तथा दिगो ऊर्जा प्रणालीको विकास गरी हरित विकासको अवधारणालाई कार्यान्वयन गरिनेछ।

## खानेपानी, सिँचाइ तथा सरसफाइ

गाउँपालिकाभित्रका प्रत्येक नागरिकलाई स्वच्छ खानेपानीको पहुँच सुनिश्चित गर्न र कृषि उत्पादनमा आत्मनिर्भरता बढाउन सिँचाइ पूर्वाधारको विकास गर्नु यस पालिकाको मुख्य प्राथमिकता रहेको छ। "एक घर, एक धारा" को अवधारणा र "सधैं हरियो, उत्पादनमा भरियो" भन्ने सिँचाइ नीति अनुरूप कृषिजन्य वस्तुको व्यावसायिक उत्पादन बढाउन उपलब्ध पानीका स्रोतहरूको दिगो व्यवस्थापन गरिनेछ।

**नीति तथा कार्यक्रमहरू:**

- **पूर्वाधार निर्माण र स्तरोन्नति**: गाउँपालिकाका विभिन्न बस्तीहरूमा सञ्चालित खानेपानी तथा सिँचाइ पूर्वाधार निर्माण, मर्मत, सुधार र स्तरोन्नतिका कार्यक्रमहरूलाई निरन्तरता दिँदै स्वच्छ खानेपानी आपूर्ति र कृषि उत्पादन वृद्धिमा थप टेवा पुर्‍याइनेछ।
- **सुक्खाग्रस्त क्षेत्रमा सिँचाइ र मास प्रोडक्ट**: वडा नं. ४ को सुक्खाग्रस्त क्षेत्रहरू'इखाबु, सेतोवा खानी, साप्चुङवा, र पिथोङ गाउँहरुमा कृषिजन्य वस्तुहरूको व्यावसायिक र ठूलो परिमाणमा उत्पादन (Mass Production) गर्ने उद्देश्यले **<u>खर्खरे बृहत खानेपानी तथा सिँचाइ आयोजना</u>** लाई पूर्ण रूपमा सञ्चालनमा ल्याइनेछ।
- **साझेदारी आयोजनाहरूको दिगोपन र विस्तार**: स्थानीय सरकार र GWC को संयुक्त साझेदारीमा निर्माण भई हाल सञ्चालनमा रहेको **खेजिनिम मामांखे बृहत खानेपानी आयोजना**को सफल व्यवस्थापन गर्दै, थप बस्तीहरू समेट्नका लागि यस आयोजनाको क्षमता विस्तार गरिनेछ।
- **क्रमागत तथा निर्माणाधीन आयोजनाहरूको सम्पन्नता**: गाउँपालिकाभित्र निर्माण सम्पन्न भइसकेका आयोजनाहरूको दिगो सञ्चालन र मर्मतसम्भार कोषको व्यवस्था गरिनेछ। साथै, हाल निर्माणाधीन अवस्थामा रहेका देहायका महत्वपूर्ण आयोजनाहरूलाई चालु आर्थिक वर्षभित्रै सम्पन्न गर्न बजेट र स्रोतको थप सुनिश्चितता गरिनेछ:

१. सुंसाबु खानेपानी तथा सिँचाइ आयोजना

२. लेलेप साँगु-बतासे-बिपुधाप-कालिखोला खानेपानी तथा सिँचाइ आयोजना

३. हेल्लोक मेम्बाम्मा सिँचाइ आयोजना

४. तापेथोक मुहाक सिँचाइ आयोजना

५. लिङखिम ठौवा सिँचाइ आयोजना

६. खेजिनिम सिँचाइ आयोजना

## सूचना, सञ्चार तथा डिजिटल पूर्वाधार

१. नीति तथा कार्यक्रम (आर्थिक वर्ष २०८३/०८४)

२. सूचना तथा सञ्चार प्रविधिलाई सुशासन, सेवा प्रवाह, शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन तथा आर्थिक विकासको आधारका रूपमा स्थापित गर्दै डिजिटल फक्ताङ्लुङ निर्माणलाई प्राथमिकता दिइनेछ। यसका लागि निम्न नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछः

३. गाउँपालिका तथा सबै वडा कार्यालयमा सूचना प्रविधिमा आधारित प्रशासनिक प्रणालीलाई थप सुदृढ गर्दै ई—गभर्नेन्स प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

४. उँपालिकाको आधिकारिक वेबसाइट, मोबाइल तथा डिजिटल माध्यममार्फत सार्वजनिक सूचना, नीति, कार्यक्रम, बजेट, निर्णय तथा सेवा सम्बन्धी विवरण नियमित रूपमा प्रकाशन गरी सूचना प्रवाहलाई थप पारदर्शी, उत्तरदायी तथा नागरिकमैत्री बनाइनेछ।

५. नेपाल टेलिकम, नेपाल दूरसञ्चार प्राधिकरण तथा सम्बन्धित निकायहरूसँग समन्वय गरी गाउँपालिकाका सबै बस्तीमा गुणस्तरीय मोबाइल तथा उच्चगतिको इन्टरनेट सेवा विस्तारका लागि आवश्यक पहल गरिनेछ।

६. याङ्मा गाउँमा यसै आर्थिक वर्षभित्र दूरसञ्चार तथा मोबाइल सेवा विस्तार गरी सम्पूर्ण गाउँपालिकालाई सञ्चार पहुँचभित्र ल्याइनेछ।

७. गाउँपालिकाका वडा नं. १ देखि ६ सम्म विस्तार भएको फाइबर नेटवर्कलाई थप व्यवस्थित, सुरक्षित तथा गुणस्तरीय बनाउँदै सार्वजनिक संस्था, विद्यालय तथा स्वास्थ्य संस्थासम्म प्रभावकारी रूपमा विस्तार गरिनेछ।

८. विद्यालयहरूमा सूचना प्रविधिमा आधारित शिक्षण—सिकाइ प्रणालीलाई थप सुदृढ गर्दै डिजिटल कक्षाकोठा, ई—लर्निङ तथा स्मार्ट शिक्षण प्रणाली विस्तार गरिनेछ।

९. Open Learning Exchange (OLE) Nepal लगायत विकास साझेदारहरूसँग सहकार्य गरी विद्यालयहरूमा आवश्यक सूचना प्रविधि उपकरण तथा डिजिटल शिक्षण सामग्रीको व्यवस्थापन गरिनेछ।

१०. शिक्षकहरूको सूचना प्रविधिमा आधारित शिक्षण क्षमता अभिवृद्धिका लागि नियमित तालिम तथा पुनर्ताजगी कार्यक्रम सञ्चालन गरिनेछ।

११. गाउँपालिकामा विद्युतीय पत्राचार, डिजिटल अभिलेख व्यवस्थापन तथा एकीकृत सूचना व्यवस्थापन प्रणालीलाई पूर्ण रूपमा कार्यान्वयन गर्दै क्रमशः कागजरहित (Paperless) प्रशासनको अवधारणा लागू गरिनेछ।

१२. सेवा प्रवाहलाई छिटो, सरल तथा प्रभावकारी बनाउन आवश्यक कम्प्युटर, नेटवर्क, इन्टरनेट तथा अन्य सूचना प्रविधि उपकरणको स्तरोन्नति गरिनेछ।

१३. विपद् व्यवस्थापन, स्वास्थ्य, शिक्षा, कृषि, पर्यटन, राजस्व, सामाजिक सुरक्षा तथा अन्य सार्वजनिक सेवामा डिजिटल प्रविधिको प्रयोग विस्तार गरिनेछ।

१४. गाउँपालिकालाई क्रमशः स्मार्ट स्थानीय सरकारका रूपमा विकास गर्दै एकीकृत डिजिटल सेवा प्रणाली, डिजिटल नागरिक सहायता प्रणाली तथा सूचना सुरक्षालाई सुदृढ गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

१५. सूचना तथा सञ्चार प्रविधिको पहुँचबाट कुनै पनि नागरिक वञ्चित नहुने गरी समावेशी डिजिटल पूर्वाधार विकासलाई प्राथमिकता दिइनेछ।

१६. सार्वजनिक सुरक्षा, शान्ति—सुरक्षा, अपराध न्यूनीकरण, बजार व्यवस्थापन तथा सार्वजनिक सम्पत्तिको संरक्षणलाई प्रभावकारी बनाउन बजार क्षेत्र, प्रमुख सार्वजनिक स्थल तथा संवेदनशील स्थानहरूमा जडान गरिएको सीसीटीभी (CCTV) निगरानी प्रणालीलाई थप विस्तार, स्तरोन्नति तथा प्रभावकारी सञ्चालन गरिनेछ। आवश्यकता अनुसार थप स्थानहरूमा आधुनिक निगरानी प्रणाली जडान गरी डिजिटल सुरक्षा व्यवस्थालाई सुदृढ बनाइनेछ।

१७. अपेक्षित उपलब्धिः सूचना, सञ्चार तथा डिजिटल पूर्वाधारको विस्तारमार्फत फक्ताङ्लुङ गाउँपालिकालाई प्रविधिमैत्री, पारदर्शी, उत्तरदायी, सुरक्षित, नागरिकमैत्री तथा स्मार्ट स्थानीय सरकारका रूपमा विकास गर्दै "डिजिटल फक्ताङ्लुङ, सुरक्षित फक्ताङ्लुङ र समृद्ध फक्ताङ्लुङ" को लक्ष्यतर्फ अघि बढाइनेछ। वातावरण प्रवर्द्धन गरिएको छ।

१८. विद्यालयहरुमा विद्यार्थी तथा शिक्षकहरुको उपस्थितिलाई प्रभावकारी बनाउन Student Attendance Alert System जडान गरि कार्यान्वयनमा ल्याउने कार्यको थालनी गरिने छ ।

**<u>गाउँपालिकाको पहलमा अहिले सम्ममा 4G Tower जडान सम्पन्न गरिएका नेपाल टेलिकमका टावरहरु</u>**

१. पाथिभारा डाँडा <u>4G Tower</u>
२. लिङखिम <u>4G Tower</u>
३. मुरिङला डाँडा <u>4G Tower</u>
४. लोवा डाँडा <u>4G Tower</u>
५. घुन्सा गाउँ <u>4G Tower</u>
६. ओलङचुङ गोला <u>4G Tower</u> संचालन भइरहेको छ।

थप याङमा गाउँमा 4G सहितको टेलिफोन टावर यसै साल जोड्न आवस्यक पहल गरिनेछ।

धन्यवाद ।

फक्ताङलुङ गाउँपालिका